'नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा...| पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २६७ • २०८१ साल फाल्गुन ०९ गते शुक्रबार (21 February, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## ब्याजसहित ५० लाख रकम फिर्ता

**टुडे समाचारदाता**

राजविराज। अख्यितारमा उजुरीपरेपछिसप्तरीकोराजविराज नगरपालिकामा ५० लाख रुपैयाँ १० प्रतिशत ब्याज समेत फिर्ता भएको छ।

नगरपालिका क्षेत्रमा सीसीटीभी क्यामरा, मोनिटर, ब्याकअपलगायतको सामग्री वापत ५० लाख ७५ हजारको कार्यदेश उपभोक्ता समितिले पाएकोमा ५२ लाख ७५ हजार भुक्तानी गरिएको थियो।

तत्कालीन कार्यवाहक नगर प्रमुख ईसरत परविण, योजना प्रमुख मनोजकुमार यादव र इन्जिनियर अशोककुमार दासले योजनाको अनुगमन गर्दै ५० लाख ७५ हजार रहेकामा ५२ लाख ४३ हजार ७ सय ५८ रुपैयाँ ५३ पैसा बराबरको काम मूल्यांकन गरी प्रतिवेदन दिएको थियो।

१ सय १० वटा सीसीटीभी कैमरा जडानको क्रममा प्रति कैमरा ४७ हजारभन्दा बढी भुक्तानी भएको देखिन्छ। अख्तियारले छानबिन प्रकृया अगाडि बढाएको सुइको पाए लगतै रकम ब्याज सहित फिर्ता गरिएको छ।

वाणिज्य बैंकमा रहेको राजविराज नगरपालिकाको खातामा रकम जम्मा भएको लेखा शाखाले पुष्टि गरेको छ।

### जनसंवादमा सांसद सिंह

# नेताहरुले हरेक पटक ठगे मात्र, महोत्तरीमा विकास भएन

**टुडे समाचारदाता**

जलेश्वर। राजनीतिक दलहरुले वडास्तरसम्म संगठन सुदृढीकरणका लागि विभिन्न नामले अभियान चलाइरहेको बेला सांसद अमरेश सिंह भने 'जनसंवाद' कार्यक्रम लिएर जिल्ला दौडहा शुरु गरेका छन्।

जनताको घरदैलोमा नै पुगेर उनीहरुको समस्या सुन्ने र समाधानको विषयमा छलफल गर्ने जनसंवादको उदेश्य रहेको बताइन्छ।

सर्लाही जिल्लाबाट लगातार तेस्रो पटक सांसद रहेका डा. सिंह पछिल्लो पटक स्वतन्त्र रुपमा सांसद निर्वाचित भएका छन्।

जनसंवादमा उनी एक्लै गाउँगाउँ डुल्दै सर्वसधारण, किसान, व्यवसायी, विद्यार्थी, युवा, राजनीतिकर्मीहरुसित गाउँमै पुगेर भेट्ने गरेका छन्।

समग्र मधेशको जिल्लाहरुमा जनसंवाद चलाउने उद्देश्यले प्रारम्भ गरिएको कार्यक्रममा डा.सिंहले जनअपेक्षा अनुसार काम हुन नसकेको बढी गुनासो आएको बताएका छन्।

महोत्तरी जिल्लाको आधा दर्जन बढी गाउँ बिहीबार घुमेका नेता सिंहले महोत्तरी जिल्लामा कृषिका लागि सिँचाईको प्रचुर संभावना रहेपनि ब्यारेजमा ध्यान नदिएको बताए।

'महोत्तरी जिल्लाको हरेक पालिकामा सहजै सिँचाइ पुग्ने नदीहरु रहेका छन्' उनले भने, तर समुचित प्रयास र पहल नहुँदा युवा जनशक्ति विदेशिन बाध्य भएका छन्।

शिक्षा, स्वास्थ्य, सिँचाइलगायतको भारी



समस्या रहेको स्थानीय बासिन्दाहरुले बताएको उल्लेख गर्दै उनले भने, प्राय हरेक पालिकाको समस्या एकै किसिमको छ।

डा.सिंहले समग्र मधेशको समस्यालाई स्थलगत रुपमा बुझ्ने क्रममा हरेक हप्ता ५ दिन एउटा जिल्लामा समयदिने बताए। 'भ्रमणको उदेश्य राजनीति भन्दा सर्वसधारण सम्म सिधा सम्पर्क स्थापित गर्ने हो' उनले भने, तर महोत्तरीबाट चुनाव लडने भन्ने हल्ला निराधार रहेको छ।

'चुनावको बेला नेताहरुले भोट लिएर गएपछि कमै मात्र भेंटने गरेका छन्' स्थानीय बासिन्दाहरुको गुनासो उल्लेख गर्दै उनले भने, विकासको दृष्टिले महोत्तरी जिल्ला अझै पिछडिएकै छ। विकासको संभावना भएपनि नेताहरुले ध्यान नदिँदा पछाडी परिएको सर्वसधारणको दुखेसो छ।

पिपरा, मलिवारा, कञ्चनवनका किसानहरुको समस्या एकैनासको देखिएको डा.सिंहले बताए।'आफैले चुनेर पठाएका जनप्रतिनिधिहरुबाट ठगिएको सर्वसधारणको व्यापक गुनासो छ 'उनले भने, मत लिएर गएदेखि नेताहरु फेरी दर्शन दिएका छैनन्।

महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ बाट लक्ष्मी महतो, क्षेत्र नम्बर २ बाट महेन्द्र राय यादव, क्षेत्र नम्बर ३ बाट महन्थ ठाकुर र क्षेत्र नम्बर ४ बाट शरतसिंह भण्डारी संसद छन्। भण्डारी संघीय सरकारमा मन्त्री छन्। उनी सर्वाधिक पटक निर्वाचित हुने सांसद मध्ये हुन्। मन्त्री त उनी झण्डै २० पटक भइसकेका छन्।

ठाकुर लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) का राष्ट्रिय अध्यक्ष हुन्। लक्ष्मी महतो सत्तारुढ नेकपा एमालेका र महेन्द्र राय नेपाली कांग्रेसबाट सांसद बनेका छन्।प्रदेश सरकारमापनि एमाले संसदीय दलका नेता सरोज यादव मन्त्री हुन्।

शिक्षा, स्वास्थ्य, सिँचाई, सडक लगायतमा अत्यन्त पिछडिएको छ। महोत्तरी जिल्लामा सुविधा सम्पन्न निजी र सरकारी अस्पताल छैन। निजी र सरकारी क्षेत्रको शिक्षामा समेत समुचित लगानी भएको छैन्। सरकारले ध्यान नदिएको कारण सिँचाइ र सडकको अवस्थापनि कमजोर छ।

महोत्तरी जिल्लाको दक्षिणी भेग भारतीय सीमासित जोडिएको छ। उत्तरी भेग पूर्वपश्चिम राजमार्गसित जोडिएको छ। साना ठूला गरी दर्जन बढी नदी छन्। सडकको स्तरोन्नती गर्न व्यवधान छैन। हरेक वर्ष वर्षायाममा नदीबाट ठूलो क्षति हुने गरेको भए पनि समयमा सिँचाईको व्यवस्था गरिएको छैन।

'नेताहरु चुनावको बेला लोभलाग्दो आश्वासन दिएर भौंट लिने गर्छन्' स्थानीयहरु भन्छन् , जिते पनि हारे पनि अर्को चुनावमा मात्र देखा पर्छन्।

महोत्तरी जिल्लामा चिनी मिल र पेपर मिल रहेका छन्। अन्य साना ठुला केही उद्योगहरु छन्। तरकारीको राम्रो उब्जनी महोत्तरीमा हुने गर्छ। १५ दिन मिथिला परिक्रमाको आधा दर्जन विश्रामस्थल र कयौं महत्वपूर्ण पर्यटकीय स्थलहरु छन्। जनप्रतिनिधिले ध्यान नदिँदा धरोधरहरु अलपत्र परेका छन्।

सिंहको 'जनसंवाद'ले राजनीतिक दलका नेताहरुको तनाव बढाएको देखिन्छ। स्वतन्त्र रुपमा नै रहेका डा.सिंहले आगामी चुनाव सम्म दल गठन गर्ने तयारी गरेको नेताहरुले अनुमान लगाउन थालेका छन्। तर सांसद सिंह मधेशको सबै जिल्लामा असारसम्म पुगेर जनसंवाद गर्ने बताउँछन्।

भाषण एकहोरो हुने र जनताको समस्या बुझ्न नसक्ने भएकाले घरदैलोमा नै पुगेर जनसंवाद गरेको उनी बताउँछन्।

मधेशमा मधेशी दलहरुको स्थिति कमजोर हुँदै गएको र ठूला दलहरुले वर्चस्व बढाउन थालेको बेला डा.सिंहको जनसंवादलाई राजनीतिक क्षेत्रमा अर्थपूर्ण मानिएको छ।

सरकारले ल्याएको अध्यादेशको विरोधमा रहेका डा.सिंहले संघीयतालाई कमजोर बनाउन वर्तमान गठनबन्धन सरकार लागेको आरोप लगाए।

संसद चलेको बखत दुई दिन प्रतिनिधि सभामा मधेशको समस्या उठाउने लगायत सरकारी विधेयकहरुको विषयमा बोल्ने र पाँच दिन एउटा जिल्लामा समस्या दिने घोषणा गरेका छन्। जनसंवादको क्रममा उनी ग्रामिण क्षेत्रमा नै बस्ने गरेका छन्।






## ‘सामाजिक सञ्जाल विधेयक, २०८१’ फिर्ता लिन प्रेस युनियनको माग

काठमाण्डु । नेपाल प्रेस युनियनले ‘सामाजिक सञ्जाल विधेयक, २०८१’ फिर्ता लिन सरकारसँग माग गरेको छ ।

युनियन केन्द्रीय समितिको आयोजनामा काठमाडौँमा यही फागुन ५ गते आयोजित प्रदेश अध्यक्ष र ६–७ गते शाखा अध्यक्षको राष्ट्रिय सम्मेलनले १२ बुँदे घोषणापत्र जारी गर्दै यस्तो माग गरेको हो । ‘सामाजिक सञ्जाल विधेयक, २०८१’ मा व्यवस्था भएका केही विषयमा युनियनको गम्भीर असहमति रहेको युनियनले सम्मेलन समापनपछि जारी घोषणापत्रमा उल्लेख छ ।

विधेयकमा ‘प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता’मा असर पार्ने गरी राखिएका प्रावधान सरोकार भएकाहरूसँग छलफल तथा परामर्श गरेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चितताका लागि फिर्ता लिन माग गरिएको हो ।

सम्मेलनले नेपाल प्रेस युनियनका साङ्गठनिक गतिविधि, श्रमजीवी पत्रकार र पत्रकारिताका मुद्दा, पत्रकारको पेसागत सुरक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, प्रविधिको विकासले सञ्चारक्षेत्रमा थपेका चुनौती, सञ्चारसँग सम्बन्धित ऐन, कानुन, सञ्चारमाध्यमका समस्यालगायत विषयमा घनिभूत छलफल गरी १२ बुँदे घोषणापत्र सार्वजनिक गरिएको जनाएको छ ।

सम्मेलनमा महासचिव दिलीप पौडेलद्वारा प्रस्तुत साङ्गठनिक प्रतिवेदन र वरिष्ठ उपाध्यक्ष तथा अनुशासन विभाग संयोजक प्रेम केसीद्वारा प्रस्तुत अनुशासन समितिको प्रतिवेदन पारित गरिएको छ । सम्मेलनले दिएको सुझावका आधारमा केन्द्रीय समितिले तयार गर्ने कार्ययोजना पूर्ण रूपमा कार्यान्वयन गर्ने घोषणा पनि युनियनले गरेको छ ।

सदस्यतालाई थप व्यवस्थित गर्दै युनियनको विधानमा भएको व्यवस्थाअनुसार क्रियाशील पत्रकारलाई समावेश गरेर सदस्यता शुद्धीकरण अभियान सञ्चालन गर्ने र प्रदेश तथा शाखाहरूले वैशाख मसान्तभित्र साधारणसभा सम्पन्न गर्ने पनि घोषणा गरिएको छ ।

श्रमजीवी पत्रकार ऐन, न्यूनतम पारिश्रमिक कार्यान्वयन, नियमित पारिश्रमिक भुक्तानी, पत्रकारको पेसागत, भौतिक, आर्थिक, सामाजिक सुरक्षालगायत विषयमा सरकार तथा सञ्चार प्रतिष्ठानको ध्यानाकर्षण गराउँदै आवश्यकताअनुसार युनियनका सबै संरचनाले दबाबमूलक अभियान अघि बढाउने पनि घोषणा गरिएको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको हक कुण्ठित हुने गरी विभिन्न तहका सरकारले निर्माण गरेका कानुन तथा निर्देशिकाबारे ध्यानाकर्षण भएको जनाउँदै संविधानप्रदत्त अधिकार सुनिश्चित हुने गरी सञ्चारसँग सम्बन्धित नीति, नियम, ऐन, कानुन, नियमावली बनाउन तीनै तहका सरकारसँग युनियनले जोडदार माग गरेको छ ।

“मुलुकको अर्थतन्त्रमा देखिएका समस्याको प्रभाव विज्ञापन बजारमा परेकाले छापा, टेलिभिजन, रेडियो सञ्चारमाध्यम बन्द हुने क्रममा छन् ।रासस

# दलित समुदायका लागि बजेट विनियोजन अपुग : अध्ययन

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका २२ पालिकामा दलित समुदायको अवस्थाबारे गरिएको अध्ययनले पर्याप्त बजेट विनियोजन हुन नसकेको देखाएको छ। दलित सरोकार मञ्च नेपाल सप्तरीले वितेका तीन आर्थिक वर्षका नीति, कार्यक्रम र बजेटको अध्ययन गर्दै दलित समुदायको पहुँचबारे अनुसन्धान गरेको थियो।

छ वटा पालिकाका कार्यपालिका र सरोकारवालाहरूसँग छलफल गरिसकेको अध्ययन प्रतिवेदनमा सुरुङ्गा, जनकपुर र करैयामाई नगरपालिकामा बजेट अभाव, योजना निर्माणमा सहभागिताको कमी, र नीति कार्यान्वयनका चुनौतीहरू उजागर भएका छन्।




सुरुङ्गाः बजेट सीमितता र कार्यान्वयन चुनौती

सुरुङ्गा नगरपालिकाकी मेयर गीता चौधरीका अनुसार संघीय सरकारले तोकेअनुसार दलित समुदायका लागि पर्याप्त बजेट विनियोजन गर्न नसकेको छ। बिहीबार आयोजित कार्यक्रममा उनले बजेटको सीमितता, आन्तरिक स्रोतको अभाव, र बीच अवधिमा माथिबाटै बजेट कटौती हुने समस्याले दलित लक्षित योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताइन्।

दलित सरोकार मञ्च नेपालको आयोजनामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुनिलकुमार पासवानले अध्ययनले नीति निर्माणमा सहयोग पुर्‍याउने बताए। दलित अधिकारकर्मी दिपेन्द्र पासवानले दलित सशक्तीकरणका लागि बजेट अपुग रहेको गुनासो राखे भने, इन्द्र रामले दलित समुदायलाई उठिबास गराउने प्रवृत्ति रोक्न पालिकाले ठोस कदम चाल्नुपर्ने बताए।

कार्यक्रममा केदार विश्वकर्माले दलित बालबालिकाको शिक्षामा पालिकाले ध्यान दिनुपर्ने बताए। जातीय विभेद तथा छुवाछूत अनुगमन समिति, सुरुङ्गाकी संयोजक फुलोकुमारी रामले समितिको प्रभावकारिता बढाउन पालिका नेतृत्वले विशेष प्राथमिकता दिनुपर्ने बताइन्। दलित सरोकार मञ्च नेपालका कार्यकारी निर्देशक भोला पासवानले बजेट र दलित समुदायबीचको दूरी कम गर्न अध्ययन गरिएको बताए।

जनकपुरधामः योजना निर्माणमा दलितको सहभागिता नहुनु कानुन विपरीत

जनकपुरधाम उपमहानगरपालिकामा दलित समुदायलाई बजेट निर्माणका कुनै पनि चरणमा सहभागी नगराइनु कानुन विपरीत भएको दलित अगुवाहरूले बताएका छन्। वडा नं. ८ की सदस्य मुन्नी दासका अनुसार कार्यपालिका सदस्यहरूले निर्णय गर्दा दलितको परामर्श नलिने गरेका छन्। संविधानले सबै नेपाली समान भए पनि व्यवहारमा दलित समुदाय उपेक्षित रहेको उनको भनाइ थियो।

नेपाल महिला सङ्घकी सामाजिक परिचालक किरणदेवी दासका अनुसार दलितबीचको एकताको अभावले समस्या थपिएको छ। दलित अगुवा सुनिता मेस्तरले नागरिकता र जन्म प्रमाणपत्रजस्ता आधारभूत अधिकारबाट दलित समुदाय अझै वञ्चित रहेको उल्लेख गरिन्, विशेषगरी मेहत्तर समुदायको अवस्था झन् दयनीय रहेको बताइन्। वडाध्यक्ष दीपेन्द्रकुमार साहले स्रोत-साधन प्राप्त गर्न दलित समुदाय पनि सक्रिय हुनुपर्ने बताए। कार्यपालिका सदस्य सन्जु दासले दलितका लागि बजेट विनियोजन नगर्नु अन्यायपूर्ण रहेको बताइन्।

जनकपुरधाम उपमहानगरपालिकाको विगत तीन वर्षको बजेट अध्ययनको निष्कर्ष प्रस्तुत गर्दै दलित सरोकार मञ्चका मनीष कोइरालाले दलित समुदायलाई प्राथमिकता नदिइएको देखिएको बताए। मञ्चका कार्यकारी निर्देशक भोला पासवानका अनुसार दलित समुदाय अब एकजुट भएर आफ्ना मागहरू अघि सार्नुपर्ने देखिएको छ। कार्यक्रममा ४० जनाभन्दा बढी सहभागी थिए।

करैयामाईः आगामी बजेट दलितमैत्री हुनुपर्ने माग

करैयामाई नगरपालिकाका दलित अधिकारकर्मीहरूले आगामी बजेट दलितमैत्री हुनुपर्नेमा जोड दिएका छन्। पालिकाको सभाहलमा आयोजित कार्यक्रममा विभिन्न वक्ताहरूले दलित समस्या बजेट प्राथमिकतामा नपरेकोमा चिन्ता व्यक्त गरे। स्थानीय दलित अगुवा राजेश पासवानका अनुसार संविधानमै दलितहितका प्रावधान थोरै रहेको छ, त्यसमा पनि पालिकाले कार्यान्वयन नगरेको गुनासो छ।

वडा नं. १ का वडाध्यक्ष सोनालाल साहले दलित समुदाय आफैं पनि सेवा सुविधाका लागि सक्रिय हुनुपर्ने बताए। वडा नं. ८ का वडाध्यक्ष दिनेशले शिक्षामा बढी ध्यान दिन सके दलित समुदायको स्तर उकासिने बताए। प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र महतोका अनुसार स्रोत सीमित भएकाले सबै क्षेत्रमा पर्याप्त बजेट दिन नसकिएको हो। जातीय विभेद तथा छुवाछूत अनुगमन समितिका संयोजक दीपक पासवानले दलित समुदायभित्रकै आन्तरिक विभाजनले पनि समस्या थपिएको बताए।

करैयामाई गाउँपालिकाका अध्यक्ष शम्भुप्रसाद यादवले दलितका लागि पर्याप्त बजेट छुट्याउन नसके पनि सुरुवात गरिएको बताए। कार्यक्रमका निष्कर्ष प्रस्तुत गर्दै दलित सरोकार मञ्चका मनीष कोइरालाका अनुसार पालिकाले दलित समुदायका लागि विनियोजन गरेको बजेट अझै अपुग रहेको देखिन्छ। कार्यक्रममा ६० जनाभन्दा बढी सहभागी थिए। यसअघि मञ्चले सप्तरीको कञ्चनरुप नगरपालिका, सिरहाको धनगढीमाई नगरपालिका लगायतका स्थानमा पनि छलफल गरेको थियो।

## कोदाली भेन्चर्सले स्वास्थ्यवर्धक र प्राकृतिक खाद्य उत्पादनहरू ल्यायो

**टुडे समाचारदाता**

काठमाण्डु । कोदाली भेन्चर्स प्रा. लि., नेपाली महिलाहरूको नेतृत्वमा संचालित एक अग्रणी कम्पनीले, नेपाली बजारमा स्वास्थ्यवर्धक र प्राकृतिक खाद्य उत्पादनहरू ल्याएको छ । यसले नेपाली किसानहरूले पारम्परिक रूपमा खेती गर्ने कोदो, फापर, चिनो, कागुनो, मुङ्ग दाल, भटमास जस्ता रैथाने अन्नहरूमा आधारित उत्पादनहरू विकास गरेको छ। यी उत्पादनहरूमा कुनै रसायनिक प्रसोधन वा संरक्षक प्रयोग नगरिएकाले यी मानव स्वास्थ्यका लागि लाभदायक छन् ।




कोदाली भेन्चर्सले ल्याएको फापर फ्लेक्स टुसा उमारेको फापरबाट बनेको सुपरफुड हो जसले सुगर लेभल नियन्त्रण गर्न मद्दत गर्छ। यो कम प्रसोधित खाद्य पदार्थ हो र पौष्टिक आहार चाहनेहरूका लागि उपयुक्त छ।

भिगन प्रोः यो टुसा उमारिएको मूङ्ग, तिल र जडिबुटिहरूबाट बनेको २५% प्रोटिन युक्त पीठो हो। यसलाई बारा, सूप, वा आँटाको पीठोमा मिसाएर सुख्खा रोटी बनाउन सकिन्छ। यो स्वस्थ जीवनशैली चाहने परिवारका लागि प्रोटिनको उत्तम स्रोत हो।

माइ चोइसः यो टुसा उमारिएको कोदो, फापर, सूर्यमुखी, कोका र गुडबाट बनेको स्वस्थ पेय पदार्थ हो। यसले बच्चाहरूलाई रैथाने खाद्यवस्तु खाने बानी बसाउन मद्दत गर्छ र उनीहरूको पौष्टिक आवश्यकताको पूर्ति गर्छ।

प्यानकेक (मिठ्ठो गिले रोटी): यो अंकुरित अन्नहरू जस्तै जौँ, फापर, कागुनो, आलस र गुडबाट बनेको पीठो हो। यो रसायन रहित उत्पादन हो र ओमेगा-३ जस्ता पोषक तत्वले भरपूर छ, जुन स्वस्थ मुटु र मस्तिष्कका लागि आवश्यक छ।

कोदाली भेन्चर्सले आफ्ना उत्पादनहरूमा कुनै रसायन प्रयोग नगरी, प्राकृतिक विधिबाट उत्पादन गर्छ। यसले नेपाली उपभोक्ताहरूलाई स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने लक्ष्य राखेको छ। साथै, यसले नेपाली उत्पादनहरूमा नै अधिकतम पौष्टिक तत्व हुने गरी उत्पादन गरेकाले यसले नेपाली खाद्य संस्कृतिलाई पनि बढावा दिइरहेको छ।

## खोला दोहन गर्ने एक्स्काभेटरसहित दुई पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । मापदण्डविपरीत उत्खनन गरेको आरोपमा महोत्तरीको रातु खोलाबाट प्रहरीले दुई जना चालकलाई पक्राउ गरेको जनाइएको छ ।

जिल्लाको बर्दिबास नगरपालिका - ९ स्थित पशुपतिनगरस्थित पथलैया खण्डको झोलुंगे पुल नजिकैबाट नदीजन्य पदार्थ झिकिरहेको अवस्थामा एक्स्काभेटर चालक पक्राउ परेको छ ।



इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी रेवती रमण पोखरेलले मापदण्ड उल्लंघन गरेर खोलामा हाल्नै नमिल्ने ठुला मेसिन प्रयोग गरेर उत्खनन गरिरहेको अवस्थामा एक्स्काभेटर चालक सरोज कुशवाहा र विजय चौधरीलाई नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अघि बढाइएको बताए ।

रातु खोलामा उत्खननको नाममा मापदण्ड विपरीत उत्खनन भइरहेको भन्दै स्थानीय आन्दोलित भएपछि प्रहरी खोलामा पुगेको थियो । मापदण्ड विपरीत खोला उत्खनन गरिरहेको एक्स्काभेटर चालकलाई पक्राउ गरी कारबाही सुरु गरिएको महोत्तरी प्रहरीले जनाएको छ ।

पुलबाट पाँच सय मिटर टाढाबाट मात्रै उत्खनन गर्न पाइने व्यवस्था छ, तर रातु खोलाको पथलैया खण्डस्थित झोलुंगे पुलको दुई सय मिटर नजिकैबाट उत्खनन हुँदा नियन्त्रणमा लिएको प्रहरीको दाबी छ ।

बर्दिबास नगरपालिकाले रातु खोलाको ठेक्का सम्बन्धी अधुरो कागज बुझाएको हुँदा अनुगमन गर्न अप्ठ्यारो भएको जिल्ला समन्वय समिति महोत्तरीका सभापति सुमन कर्णले बताए । उनले भने,‘प्रहरी कति बेला खोलामा जान्छ थाहा भएन ।, प्रहरीले पक्राउ गरेको चालक बारे हामीलाई कुनै किसिमको जानकारी दिएको छैन ।’

आइतबार बर्दिबास नगरपालिकाकी उपप्रमुख तारादेवी महतोको नेतृत्वमा गएको अनुगमन टोलीले रातु खोलामा मापदण्डविपरीत उत्खनन गरेको पाइएपछि कारबाही प्रक्रिया अघि बढाइएको थियो ।

## एनसेलले ल्यायो ‘९० अनलिमिटेड’ र ‘५० डेटा’ अफर

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलले बढ्दो मोबाइल डेटाको मागलाई सम्बोधन गर्ने उद्देश्यका साथ ‘ ९० अनलिमिटेड’ र ‘५० डेटा’ गरि दुई डेटा प्याकहरु संचालनमा ल्याएको छ । यी प्याकहरू ग्राहकहरूलाई सधैं अन राख्न योगदान पुर्याउने कम्पनीको प्रतिबद्धता अनुरुप ल्याइएका हुन् ।

Ncel

कर सहित रु ९० शुल्क रहेको ९० अनलिमिटेड योजनाअन्तर्गत, ग्राहकहरूले दुई दिनसम्म मोबाइल डेटाको अनलिमिटेड मोबाइल इन्टरनेटको भरपुर फाइदा लिन सक्छन् । ग्राहकहरूलाई डेटा सहजताको अनुभव प्रदान गर्ने उद्देश्यले डिजाइन गरिएको यो अफरले अनलिमिटेड इन्टरनेट प्रयोगको सुविधा सुनिश्चित गर्छ, जसले गर्दा ग्राहकहरू उच्च गतिको मोबाइल ब्रोडब्यान्ड सेवामार्फत सहजै सम्पर्कमा रहन सक्छन् ।

यो अफर विषेशत छोटो अवधिको लागि बिना झन्झट इन्टरनेट पहुँच खोज्ने प्रयोगकर्ताहरूका लागि उपयुक्त विकल्प हो ।

ग्राहकहरूले एनसेल एपमार्फत वा ८१२३८४८१८४३ डायल गरेर यो ‘९० अनलिमिटेड’ प्याक लिन सक्छन् ।

कामका लागि होस् वा मनोरञ्जनका लागि, फिल्म होस् वा अनलाइनमार्फत गीतसंगीतको आनन्द लिन वा सामाजिक सञ्जाल जोडिन, यो प्याकले ४८ घण्टासम्म कुनै पनि डेटा सीमा बिना निर्बाधरुपमा इन्टरनेट सेवा प्रदान गर्दछ ।

यस्तैगरी, ‘५० डेटा’ प्याक अन्तर्गत ग्राहकले १.१ जीबी मोबाइल डेटा भोल्युम कर सहित मात्र रु. ५० मा पाउन सक्छन् । यो डेटा तीन दिनसम्म मान्य रहन्छ । सुलभ शुल्कमा लामो ३ दिनसम्म प्रयोग गर्न सकिने सुविधा भएकोले यसले डेटा चाहिने तर थोरै प्रयोग गर्ने ग्राहकहरूलाई विषेश महत्व राख्दछ ।

ग्राहकहरूले एनसेल एपबाट वा ८१२३८४८२८१३ डायल गरेर सजिलै यो प्याक खरिद गर्न सक्छन् ।

यो प्याक इन्टरनेट ब्राउजिङ, मोबाइलमार्फत डिजिटल कारोबार गर्न तथा स्पोटिफाई जस्ता प्लेटफर्महरूमा गीतसंगीतको मजालिने लगायतका कार्यका लागि उपयुक्त छ ।

विषेशगरी छोटो छोटो अवधिका लागि डेटा लिन चाहने ग्राहकहरुका लागि डिजाइन गरिएका यी नयाँ डेटा अफरहरू अनलिमिटेड इन्टरनेट होस् वा भोल्युममा आधारित सजिलो इन्टरनेट पहुँच दुवै वर्गका ग्राहकहरुका लागि लाभदायी हुने एनसेलले जनाएको छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिनसमान्यछ। विदेशमागरेकोलगान बाट फाइदा हुनेछ ।
वृष : बोलीलाई नियन्त्रण गर्नुपर्ने दिन छ । तपाईको बोलीकै कारण आफन्त टाढा हुनेछन् ।
मिथुन : परिवारसंग बसेर रमाइलो गर्ने दिन छ ।
कर्कट : दिन सामान्य छ । आफन्तले सहयोग गर्नेछन् ।
सिंह : दिनराम्रोछ। आफन्तलेसाथदिनेछन्।
कन्या : खानपानमा ख्याल नगर्दा स्वास्थ्यमा समस्या हुनसक्छ ।
तुला : संगठनका साथीबाट असहयोग हुनेछ। संकटमा परिवारको साथ मिल्नेछ ।
वृश्चिक : दिन सहज छ । मन खुशी हुनेछ । लगानीका क्षेत्रबाट राम्रो आम्दानी हुनेछ।
धनु : दिन सहज छ। मनमा शान्ति मिल्नेछ।
मकर : सल्लाहकारबाट धोका हुने भएकाले सचेत बन्नुपर्नेछ ।
कुम्भ : आम्दानी बढ्नेछ। मन अशान्त बन्नसक्छ।
मीन : मनमा खटपटी हुनसक्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१–५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४–५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४–५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४–५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४–५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४–५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मोरङको बेलबारी नगरपालिकास्थित बेतना सिमसारमा जलक्रीडामा रमाउँदै गरेका हाँसका बथान । तस्विर : रासस

# तीन वर्षभित्र भूमि समस्या समाधान गर्ने आयोगको प्रतिबद्धता



महोत्तरी । भूमि समस्या समाधान आयोगका पदाधिकारीले तीन वर्षभित्र भूमिसम्बन्धी समस्या समाधान गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

बर्दिबासमा आयोगले बुधबार आयोजना गरेको सरोकार भएकाहरुसँगको मधेस प्रदेशस्तरीय अन्तर्क्रियामा आयोग पदाधिकारीहरुले यस्तो प्रतिबद्धता जनाउनुभएको हो । "वर्तमान आयोगले आफ्नो कार्यकालको तीन वर्षभित्रै सबै भूमिहीन र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र प्रदान गरीसक्ने छ", कार्यक्रममा आयोगका केन्द्रीय अध्यक्ष हरिप्रसाद रिजालले प्रतिबद्धता जनाउँदै भन्नुभयो, "यस कार्यका लागि तीनै तहका सरकार, सरोकारवाला र सम्बद्धपक्षबीच समाधानमुखी सहकार्य भने अपरिहार्य छ ।" यसका लागि आयोगले अहिले भूमिसम्बन्धी वर्तमान समस्याको पहिचान, कामहरुको प्राथमिकीकरण र भूमिसम्बन्धी अध्यादेशको संशोधनका विषयमा केन्द्रित भई काम गरिरहेको उहाँको भनाइ छ।

कार्यक्रममा आयोगका पदाधिकारीले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीका व्यवस्थापनका सवालको मिंही विश्लेषण गरिँदै यसलाई तीन वर्षभित्र सक्ने तालिकामा काम थालिएको बताउनुभयो।

"हामी समस्याकेन्द्रित भएर सूक्ष्म ढङ्गले तिनलाई केलाउँदै अघि बढ्दै छौँ", कार्यक्रममा आयोगका विज्ञ सदस्य जगत् बस्नेतले भन्नुभयो, "खुला छलफल र अन्तर्क्रियाबाट समस्या पहिल्याउने क्रम जारी छ, कामलाई तालिकामा ढालेका छौँ", बस्नेत भन्नुहुन्छ, "तीन वर्षभित्र यी समस्या समाधान हुनेछन्, भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी सबैले जग्गाधनी प्रमाणपत्र पाउने छन् ।"

यसैगरी आयोगका केन्द्रीय सदस्य कृष्ण प्रसाईँले आयोगका जिल्ला पदाधिकारीहरुसँग भीडभाड र भनसुन केन्द्रित नभई कानुनअनुसार काम केन्द्रित भएर लाग्न आग्रह गर्नुभयो । कार्यक्रममा आयोगका महोत्तरी अध्यक्ष पीताम्बर महतोले आयोगले निर्दिष्ट गरेको नीति अवलम्बन गरिँदै जिल्लाभित्रका भूमि समस्या समाधान गरिने अठोट व्यक्त गर्नुभयो।

मधेस प्रदेशका आठवटै जिल्लाका आयोगका पदाधिकारी, नापी तथा मालपोत कार्यालयका प्रमुख, भूमिविज्ञ र भूमिअधिकार आन्दोलनका अगुवाको सहभागिता रहेको कार्यक्रम आयोगका केन्द्रीय सदस्य तथा मधेस प्रदेश संयोजक आरती भण्डारीको अध्यक्षतामा सम्पन्न भएको हो।

आयोगले धमाधम काम अघि बढेको बताएपछि महोत्तरीका वर्षौंवर्षदेखि जग्गाधनी प्रमाणपत्र नपाएका सुकुमबासी र अव्यवस्थित बसोबासीमा नयाँ आशा पलाएको महोत्तरीका भूमिअधिकार आन्दोलनका अगुवा राजकुमार बस्नेत बताउनुहुन्छ ।रासस

# आँखा देख्न पाउने खुसीले दङ्ग काछबासी



महोत्तरी । बर्दिबास नगरपालिका-५ चुरेकाछको ढुङ्गे गणन्ताकी ७० वर्षीया सेतीमाया तामाङले कैयनपटक प्रजातन्त्र दिवसका दिन हातमा झन्डा बोकेर 'जिन्दावाद' भनेको सम्झना भए पनि त्यससँग जोडिएका कुनै खुसी भने साँच्चु भएको छैन । प्रजातन्त्र दिवसको अर्थ र महत्व नबुझेरै अरुले भनेकै भरमा 'जिन्दावाद' भन्ने गरेकी तामाङलाई यसपालि भने अब कहिल्यै नबिर्सने गरी यो दिनको सम्झना रहने भएको छ । प्रजातन्त्र दिवसको अवसर पारेर रोटरी क्लब अफ बर्दिबास, रोटरी क्लब अफ हेटौँडा र रोट्र्याक क्लब अफ हेटौँडाले काछबासीका लागि सञ्चालन गरेका आँखा जाँच शिविरले सेतीमायालाई अब यो दिन कहिल्यै नभुल्नेगरी गुन लगाएको हो।

यसपालिको प्रजातन्त्र दिवसको अवसरमा मङ्गलबार आफ्नै बस्तीमा आँखा जाँच गर्न पाउनु भएकी उहाँको बुधबार मोतियाविन्दुको शल्यक्रिया भएको छ। अबका केही दिनभित्रै शल्यक्रिया गर्दा लगाएको पट्टी खोलिएपछि झलमल्ल संसार हेर्ने खुसीले उहाँ विभोर हुनुहुन्छ । "आफ्नै गाउँबस्तीमा आएका डाक्डरबाबुले आँखा जाँचेर अपरेसन गर्नुपर्छ भन्नुभयो।

आज उहाँहरूले नै लिएर अपरेसन गराएर घेर पुर्‍याई दिनुभएको छ", सतीमायाले भन्नुभयो, "अब त भोलिपर्सि नै पट्टी खोलेपछि सबै उज्यालो देख्नेछु ।" पछिल्लो एक दशकयता मोतियाविन्दुले समस्या भएपछि आसै घरको आँगन ननाघेकी उहाँको अब पूरै गाउँ घुम्ने रहर छ।

सेतीमाया मात्र होइन काछबस्तीकै ७५ वर्षीया जुनुमाया आले, ७६ वर्षीया गोपीमाया धागा र ६० वर्षीया गङ्गामाया ठोकरको पनि बुधबार नै मोतिविन्दुको शल्यक्रिया भएको छ । उहाँहरूलगात मोतिविन्दु भएका १७ जनाको हेटौँडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया गरिएको हो । "फेरि आँखा उघ्रेर संसार हेर्न पाइने भो, बुढेसकालमा योभन्दा खुसी हुन अरू के चाहियो र !" ७६ वर्षीया गोपीमाया धागा भन्नुहुन्छ, "यो बन्दोबस्त मिलाइदिने सबैको जय होस् ।"

यसपालि प्रजातन्त्र दिवसको अवसर पारेर आँखा जाच शिविर आयोजना गरिएको रोटरी क्लब अफ बर्दिबासका अध्यक्ष विष्णु पुरीले बताउनुभयो । शिविरमा आँखा जाँच गरिएका ३५० जनामध्ये १७ जनामा मोतिविन्दु देखिएपछि शल्यक्रिया गरको र एक सयभन्दा बढीलाई आँखा जाँचपछि चस्मा र दुई सय जनालाई औषधि दिइएको उहाँले जानकारी दिनुभयो।

कतिपय पछिल्ला १० वर्षदेखि आँखा समस्या भएर पनि उपचार गर्न गएका थिएनन् । प्रजातन्त्र दिवसका अवसरमा आयोजित शिविर निकै लाभदायक भएको बर्दिबास-५ का वडाअध्यक्ष काहरमान स्याङ्वाले बताउनुभयो।

"आर्थिक स्रोतको अभावमा आँखाको उपचार र शल्यक्रिया गराउन नसक्ने अवस्थाका अत्यन्त विपन्न परिवारका सदस्यले प्रजातन्त्र दिवसका अवसरमा आँखा जाँचदेखि शल्यक्रियासम्मको सुविधा पाए । यो निकै अविष्मरणीय र सराहनीय कार्य हो", उहाँले भन्नुभयो।

यसका लागि अष्ट्रेलियाको तस्मानियाँस्थित रोटरी क्लबका सदस्य डेभिड एक्स र एक्सले होडिङ लिमिटेडले आर्थिक स्रोत जुटाइदिएको रोटरी क्लब अफ बर्दिबासका अध्यक्ष पुरीले जानकारी दिनुभयो ।रासस

# 'माओवादी संविधान संशोधनको पक्षमा छ'

धरान । नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले माओवादी संविधान संशोधनको पक्षमा रहेको बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पाटी माओवादी केन्द्र धरान उपमहानगर समितिले विहिबार यहाँ आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहनुभएका श्रेष्ठले भन्नुभयो, "समग्र जनताको हित, विकास र समृद्धि प्राप्ति गर्न संविधानको मूल मर्मको रक्षा हुने गरी माओवादी संविधान संशोधनको पक्षमा छ।"

उहाँले पछिल्लो समय पार्टीले सुदृढीकरण अभियान चलाउन सुरु गरेपछि माओवादी बलियो बन्दै गएको बताउनुभयो । उहाँले सामाजिक र आर्थिक रुपान्तरण नै समृद्धिको आधार रहेको पनि बताउनुभयो।

लोकतन्त्रको रक्षा गर्न सामाजिक आर्थिक रुपान्तरण आवश्यक रहेको बताउँदै उहाँले सामाजिक न्याय, सुशासन र समृद्धिलाई प्राथमिकतामा राखेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनमा सबैले ध्यान दिनुपर्ने बताउनुभयो।

ताप्लेजुङको पाथीभरामा निर्माण गर्न लागेको केबुलकार विवादले धरान प्रभावित भइरहेको विषयमा उहाँले स्थानीयवासीको मागलाई सम्बोधन गरेर केबुलकार निर्माण गर्नुपर्ने र वार्ताकै माध्यमबाट विवाद समाधान गर्नुपर्ने बताउनुभयो ।रासस

# 'कामपाको नेतृत्वमा प्रशंसायोग्य काम'

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले काठमाडौँ महानगरपालिकाको नेतृत्वमा प्रशंसायोग्य काम भइरहेको बताउनुभएको छ।

नित्यनाथ सत्तलको पुनःनिर्माणको शिलान्यास गर्दै थापाले सम्पदा संरक्षणमा कामपाले गरेको कामको प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "जन सरोकारका काममा यसअघि सङ्घ र प्रदेश सरकारसँग बजेट माग्नु पर्थ्यो अहिले कामपाले बजेटको अभाव महसुस हुन दिएको छैन। यो राम्रो काम हो।"

कामपा-८, नवाली टोलमा रहेको १९औँ शताब्दीमा निर्मित सत्तल पुनःनिर्माणको महामन्त्री थापासहित, वडाध्यक्ष आशामान सङ्गत, सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राई र वडा सदस्यहरुले एकै पटक पाँच ठाउँमा जग राखेर शिलान्यास गर्नुभएको छ। सत्तल पुनःनिर्माणका लागि करबाहेक रु दुई करोड २७ लाखमा निर्माण पक्षसँग सम्झौता भएको छ।

तीन तले सत्तलको पहिलो तलामा पुस्तकालय हुनेछ। दोस्रो तलालाई सामाजिक कार्य तथा भोजका लागि उपयोगमा ल्याइने महानगरले जनाएको छ । तेस्रो तला अर्थात् बुइँगलमा नित्यनाथको मन्दिरस्थल रहनेछ। परम्परागत वादन तथा गायन जस्ता विषयमा शिक्षा लिन पहिले नित्यनाथको पूजा गर्नुपर्ने प्रचलन छ । यसरी गरिने पूजामध्ये आज गरिएको पूजालाई विशेष रुपमा मानिन्छ।

विसं १९९० सालको भूकम्पले जीर्ण अवस्थामा रहेको सत्तल २०३९ सालमा सुवर्ण वैद्य वडाध्यक्ष भएका बेला ढलान गरेर पुनःनिर्माण गरिएको थियो । त्यसमा तला थप गरर सन्ध्या पुस्तकालय सञ्चालन गरिएको थियो। वडाध्यक्ष सङ्गतले भन्नुभयो, "सांस्कृतिक सहरको पहिचान कायम गराउन परम्परागत शैलीमा सत्तलको पुनःनिर्माण गर्न लागिएको हो।"

वडाभित्रका चार वटा फल्चा विसं २०७९ यता पुनःनिर्माण भइसकेका छन् । अतिक्रमित जग्गा स्वामित्वमा लिएर वत्सलेश्वरी जात्रा सञ्चालनका लागि फल्चा निर्माण भइरहेको छ। इना गणेश मन्दिर, इँटापाखाको स्वर्ण गणेश मन्दिर, जयबागेश्वरीको महामृत्युञ्जय मन्दिर, पशुपति परिसरको नित्यनाथ मन्दिर पुनःनिर्माण सम्पन्न भइसकेका छन् ।रासस

# भन्सार चलाउन स्वविकेकीय अधिकार चाहिन्छ !

काठमाण्डु । भन्सारसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमा भन्सार अधिकृतलाई कतिपय विषयमा स्वविवेकीय अधिकार दिइनुपर्ने आश्यकता औँल्याइएको छ ।प्रतिनिधिसभा अर्थ समितिको विहिबारको बैठकमा अर्थमन्त्रालयका (राजस्व) सचिव दिनेशकुमार घिमिरेले भन्सार प्रक्रिया विकेन्द्रित रुपमा परिचालित भएकाले सम्बन्धित अधिकारीलाई अधिकार प्रत्यायोजित नगर्ने हो भने कार्य सम्पादन गर्न चुनौती हुने धारणा राख्नुभयो।

सचिव घिमिरेले भन्नुभयो, "अन्तर्राष्ट्रिय रुपमा व्यपार सहजीकरण गर्ने विन्दु भन्सार भएकाले केन्द्रिकृत हिसाबले त्यस्ता अधिकार राख्दा व्यापारिक सहजीकरणको मूल उद्देश्यको प्रतिबद्धताअनुरुप अघि बढ्न चुनौती हुन्छ।त्यसैलेस्वविवेकीयअधिकारको प्रयोग गर्नुपर्ने आवश्यकता छ।"

कानुन निर्माणका सिलसिलामा अन्तर ष्ट्रिय प्रतिबद्धता जाहेर गरेका विषयलाई सोहीबमोजिम समायोजन र परिमार्जन गर्न आवश्यक रहेको उहाँको भनाइ थियो । सरकारले भन्सारका प्रक्रियालाई सरल, प्रभावकारी र प्रविधिमैत्री तुल्याउँदै वैध व्यापारको सहजीकरण तथा अवैध व्यापारको प्रभावकारी नियन्त्रण भन्सारसम्बन्धी विधेयक ल्याएको हो।

भन्सार प्रक्रियालाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सहज तथा सुरक्षित बनाउन र राजस्व सङ्कलनमा दक्षता तथा प्रभावकारिता अभिवृद्धि गर्ने विधेयकको उद्देश्य छ। मुलुकको आर्थिक विकासमा टेवा पुर्‍याउन आवश्यक भएको तथा नेपालको भन्सार प्रक्रियाको सरलीकरण एवं सामञ्जस्यीकरणसम्बन्धी महासन्धीमा सम्मिलन गरिसकेकाले सोबमोजिमका प्रावधानलाई कानुनमा व्यवस्था गरी कार्यान्वयन गर्न तथा स्वदेशी उद्योग सङ्को संरक्षण, निकासी प्रवर्द्धन र प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न कानुन निर्माणपछि योगदान पुग्ने विश्वास गरिएको छ।

विधेयकका एक सय १७ बुँदामा १७ सदस्यको संशोधन रहेको छ । त्यसमध्ये धेरै सशोधनकर्ताले आफ्नो संशोधन प्रस्तावको प्रतिरक्षा गर्दै भनाइ राख्नुभयो ।रासस


**Madhesh Province Government**

**Ministry of Education and Culture**

**Janakpurdham, Dhanusha**

**Re-Tender Notice**

**Re-Tender Publication Date: 21 Febuary 2025**

Re-tender is done in IFB No. MOEC/GOODS/NCB/2081-082/02; The Procurement of Supply & Delivery Of Two Wheeler Vehicle; Published on 05 November 2024. For details on Re-Tender, visit www.bolpatra.gov.np/egp.

**HELVETAS**
**NEPAL**

**VACANCY ANNOUNCEMENT**

SheLeads Skills and Empowerment project is designed to address systemic and legal challenges faced by young women and girls in Madhesh Province. It aims to support access to skill development and entrepreneurship opportunities, thereby addressing barriers to economic access and fostering transformative change. The project focuses on vocational skills (short-, medium-, and long-term dual VET), results-based financing, enterprise development, financial inclusion, and youth engagement in local governance projects and initiatives. This project is financially supported by a Swiss Foundation, Ursula Zindel Hiliti Foundation and will be implemented in three different municipalities of Madhesh province namely, Karjanha, Lahan and Ganeshmancharnath. Helvetas Nepal invites applications from competent and committed Nepali Citizens for the following positions:

**Project Officer - 1 (Female Only)**

**Job purpose:** The Project Officer will be responsible for field-level monitoring, reporting, and coordination of activities under the SheLeads project, with a focus on skills development, economic upliftment and life-skills enhancement of young girls and women. The position requires ensuring the project meets its objectives around economic empowerment, gender transformation, and social change while collaborating with local government stakeholders, local partners, and project participants in Madhesh Province, under the overall guidance of the project coordinator.

**Required Education, Experience, and Social Competence:** Bachelor's degree in development studies, social sciences, or any other relevant field. Minimum 3 years of work experience in similar field. Commitment towards gender equality, social inclusion, poverty reduction.

**Project Assistant - 3 (Female Only)**

**Job purpose:** The Project Assistant will support the implementation and monitoring of activities under the SheLeads Skills and Empowerment Project, with a focus on assisting the Project Officer in field-level operations, data collection, and reporting. This position will contribute to the project's objectives of empowering young girls and women in Madhesh Province, ensuring smooth operations at the field level by providing administrative and logistical support to project activities.

**Required Education, Experience, and Social Competence:** Intermediate level or plus two level. Minimum 2 years of work experience in similar field. Commitment towards gender equality, social inclusion, poverty reduction.

**Duration:** Initially one year with a possibility of extension.

**Duty station for both the positions:** Field based, Madhesh Province.

**Salary and Benefits:** As per rules and regulation of Helvetas Nepal.

**Application Procedures:** Interested candidates who meet the requirements of the position are requested to visit our website at **https://apply.helvetasnepal.org** and submit an application through online portal. Any telephone enquiries/and or attempts to apply undue influence will result disqualification of candidates. Only short-listed candidates will be contacted for the selection process. Helvetas Nepal reserves the right to reject any or all applications without assigning any reasons.

**Preference will be given to the candidates of Madhesh Province.**

**Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (Woman, Dalit, Janajati, Madhesi/Terai, and other minority communities).**

**Deadline for submission of application: 8th March 2025**

**श्री धर्म संस्था**

**(राम स्वरुप साह, राम सागर साह)**

**मिल्स एरिया, जनकपुरधाम, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

**सूचना प्रकाशन मिति : २०८१/११/०६**

यस श्री धर्म संस्थाको आर्थिक वर्ष २०८१/०८२ को लेखा परीक्षण गराउनको लागि यस संस्थाको वार्षिक साधारण सभावाट लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्नु परेकोले । श्री धर्म संस्थाको स्वीकृत विधान अनुसार लेखा परीक्षण गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ड संस्थाबाट क र ख वर्गको पेशागत प्रमाण-पत्र नविकरण भएको तथा स्थायी लेखा नम्बर र आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रहरुको फोटोकपी संलगन गरी सूचना प्रकिाशित मितिले १५ दिन भित्रमा यस संस्थाको कार्यालयमा आवेदन दिनु हुन आह्वान गरिएको छ। अन्य विस्तृत जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

**राम पल्टन साह**
**सचिव**

**श्री ब्रहमज्योति माध्यमिक विद्यालय लौकाहा**

**परोहा नगरपालिका -४, रौतहट**

**शिक्षक आवश्यक्ता सम्बन्धि सूचना**

यस विद्यालयको "वि.व्य.स."को मिति २०८१/११/०६ गतेको निर्णय अनुसार यस विधालयमा रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा करार शिक्षक नियुक्ति गर्नु पर्ने भएकोले योग्य नेपाली नागरीकले तपसिलका विवरण सहित आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**विज्ञापन नं. १।०८१।०८२**

१. पदः- शिक्षक २. तहः-मा.वि. राहत
३. पद संख्याः- १ (एक) ४. नियुक्तिको किसिमः- करार
५. विषय :- गणित
६. शैक्षिक योग्यताः- सम्बन्धित विषयमा स्नातक तह उतिर्ण वा सो सरह।
७. आवेदन शुल्क :- १,०००।- (रु एक हजार मात्र)


**विज्ञापन नं. २।०८१।०८२**

१. पदः- शिक्षक २. तहः-नि.मा.वि. राहत
३. पद संख्याः- १ (एक) ४. नियुक्तिको किसिमः- करार
५. विषय :- विज्ञान
६. शैक्षिक योग्यताः- सम्बन्धित विषयमा प्रविणता प्रमाण तह (+२) उतिर्ण वा सो सरह।
७. आवेदन शुल्क :- ७५०।- (रु सात सय पचास मात्र)

**थप जानकारी**

१. तलब स्केल :- नियमानुसार।
२. परीक्षाको किसिमः- लिखित र मौखिक।
३. आवेदन दिने अन्तिम मितिः-२०८१/१२/०६ गते बुधवार दिउसो ३ वजेसम्म ।
४. आवेदन दिने स्थानः- श्री ब्रहमज्योति मा.वि.लौकाहा, परोहा न.पा.-४, रौतहट
५. उमेरः- १८ पुरा भई ४० ननाघेको।
६. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :-
क) शैक्षिक योग्यता प्रमाण पत्रको फोटोकपी ...१।१ प्रति।
ख) चारित्रीक प्रमाण पत्रको फोटोकोपी................१ प्रति।
ग) नेपाली नागरीकता प्रमाण पत्रको फोटोकोपी....१ प्रति।
घ) स्थायी अध्यापन अनुमति पत्रको फोटोकोपी ...१ प्रति।
ङ) यस विद्यालयको प्रभु बैंक लि. परोहा शाखामा रहेको खाता नं. १४९०१३४३३०९०००११ मा रकम जम्मा गरेको सक्कल भौउचर।
७. सम्पर्क मिति २०८१/१२/०८ गते शुक्रवार दिउसो २ बजे र बाकी कार्यक्रम सोहि दिन प्रकाशित गरिने छ।
८. शिक्षक सेवा आयोगले करार नियुक्तिका लागि हालै प्रकाशित गरेको सम्बन्धित विषय क्षेत्रको सूचीमा रहेका उम्मेदवारले आवेदन दिएमा योग्यताक्रमको आधारमा प्राथमिकता दिईने छ।

**प्रधानाध्यापक**




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कांग्रेस सचेत हुनुपर्छ

नेपालमा लोकतन्त्रका लागि लड्ने अगुवा पार्टी नेपाली कांग्रेसले गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गरी संघीयतालाई सबल बनाउन लाग्नु पर्छ । सत्ताकै लागि संघीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने काम कांग्रेसले गर्न हुँदैन । संघीय लोकतान्त्रिक गणतन्त्रसित कांग्रेसले सत्ताको सौदा गर्न हुँदैन । लोकतन्त्रको सबै भन्दा बलियो पक्ष निर्वाचन र दलगत व्यवस्था हो । दललाई कमजोर बनाएर, फुटाएर तत्काल सत्ता आरोहण गर्ने स्वार्थ पूर्ती होला ? तर त्यो दीर्घकालमा लोकतन्त्रका लागि विनासकारी हुनेछ । नेपाली कांग्रेसले एमालेसित गठबन्धन गरी सत्ता साझेदार बनेको छ । दुई दलीय सहमति अनुसार पहिलो चरणको डेढ वर्ष एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गर्ने र दोस्रो चरणमा कांग्रेसका सभापति शेरबहादुर देउवाले शासन गर्दै निर्वाचन गराउने छन् । यो सहमतिको पालना भए पनि दल विभाजनको सबालमा कांग्रेस सतर्क रहनु पर्छ । कुनै पनि दललाई फुटाउने काममा कांग्रेस सहभागि हुनु हुँदैन । सरकारले ल्याएको आधा दर्जन अध्यादेशलाई पारित गर्न राष्ट्रिय सभामा समस्या देखिएको छ । बहुमत नरहेको गठबन्धन सरकारले नेकपा एसलाई विभाजनगरि राष्ट्रिय सभामा बहुमत पुऱ्याउने खेलमा लागेको छ । त्यसमा कांग्रेसले साथ दिन हुदैन । सत्ता गठबन्धनमा रहेको जनता समाजवादी पार्टी (जसपा) नेपाललाई विश्वासमा लिन सके राष्ट्रिय सभामा पनि बहुमत सहजै पुग्न सक्छ । तर कांग्रेस र एमालेले जसपा नेपाललगायतका मधेश केन्द्रित दलहरुलाई विश्वासमा नलिइ नेकपा एसलाई फुटाएर भए पनि राष्ट्रिय सभामा बहुमत पुऱ्याउने गलत कार्य गर्न उद्यत भएको छ । नेकपा एमाले र नेकपा एसका नेताहरुबीच सम्बन्ध राम्रो छैन । एमालेबाट फुटेर नै नेकपा एस बनेको छ । एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले नेकपा एसलाई विखण्डन गर्न हरसम्भव प्रयास गरिरहेका छन् । नेपाली कांग्रेस सहभागी रहेको सरकारबाट लोकतान्त्रिक पद्धतिको उल्लंघन हुने विश्वास अन्य दलहरुले गर्न सक्दैन । कांग्रेसले दलहरुलाई विश्वासमा लिएर राजनीतिक समाधान खोज्न लगाउनु पर्छ । सरकारले भूमि सम्बन्धी अध्यादेशलाई फिर्ता लिनु पर्छ । कांग्रेसले पनि त्यसमा सहमत हुनु आवश्यक छ । एमालेले हठ गरे पनि कांग्रेसले अध्यादेश फिर्ता लिन सहमत गराउनु पर्छ । भूमिसम्बन्धी अध्यादेशलाई राष्ट्रपति रामचन्द्र पौडेलले पनि रोकेका थिए । त्यो मधेश र देश विरोधी रहेकाले कांग्रेस पनि पास गर्ने पक्षमा लाग्न हुँदैन । मधेशी दलले विरोध जनाएपछि ठूला दलहरु मिलेर अध्यादेश पास गर्ने तर्फ लाग्न हुँदैन । नेपाली कांग्रेस यस्ता विषयहरुमा सचेत भएर निर्णय लिनुपर्छ ।

# सप्तरी जिल्लाका प्रमुख ऐतिहासिक गढीहरू



अजयकुमार झा

इतिहासविद् हरिकान्तलाल दास (१९९८-२०७६)ले राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा ३६ वर्ष इतिहास पढाए र इतिहास तथा संस्कृति विभाग प्रमुख समेत भए ।

२०५८ सालमा उनको पहिलो शोधकृति 'सप्तरीको राजनीतिक इतिहास एवं प्रमुख धार्मिक स्थलहरू' प्रकाशन भयो । यस्तै २०६० सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्रकाशनमा 'सप्तरी जिल्लाका प्रमुख सांस्कृतिक स्थलहरू : एक अध्ययन' र २०६७ सालमा साझा प्रकाशनबाट 'सप्तरी जिल्लाका प्रमुख ऐतिहासिक गढीहरू' नामक शोधमा आधारित पुस्तक प्रकाशित भए ।

यिनै योगदानको कदर गर्दै उनलाई त्रिभुवन विश्वविद्यालयले २०४८ सालमा, मैथिली साहित्य परिषद्ले २०६९ सालमा, श्री लूनकरणदास गंगादेवी चौधरी साहित्यकला मन्दिरले २०७४ सालमा सम्मान गरेको थियो ।

सप्तरी जिल्लाका प्रमुख ऐतिहासिक गढीहरू' नामक उनको कृति सप्तरी जिल्लामा रहेका गढीहरूको जानकारीका लागि अत्यन्तै उपयोगी छ । यस पुस्तकमा सप्तरीका ऐतिहासिक गढीहरू, पूर्वकर्नाटकालीन तथा कर्नाटकालीन गढीहरू, राजा पुरादित्यको बनौलीगढ तथा सेनकालीन गढीहरू, मानराजागढी, पुरानो सदरमुकाम अम्बरपुरगढी तथा अन्य गढीहरूको प्रशस्त जानकारी उल्लेख छन् । उल्लिखित ऐतिहासिक सामग्रीको आधिकारिकताका लागि सन्दर्भ-ग्रन्थ सूची र शिलालेख एवं उत्खननबाट पाइएका मूर्ति तथा अन्य वस्तुहरूको परिशिष्ट समेत दिइएको पाइन्छ ।

सप्तरी जिल्लाको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक, धार्मिक लगायत विषयमा इतिहासविद् दासको गहिरो शोध र अध्ययन छ । उनले सप्तरी जिल्लाका सबै गढीहरूको समग्रतामा अध्ययन र अनुसन्धान गरेको कुराको साक्षी यो पुस्तक रहेको छ । उनको शोधमा स्वदेश र विदेशका इतिहासविद्हरूका विचारहरू पनि आएका छन् ।

नेपालकै ऐतिहासिक गढ-गढीको अवस्थितिको क्रममा दासले भनेका छन्, 'उपत्यकाबाहिर पूर्वी तराई भेगमा धेरै किल्लाको निर्माण भएको प्रमाण नै छ । जस्तो : सिम्रौनगढले मध्यकालीन किल्लाको प्रतिनिधित्व गर्छ । त्यस किल्लालाई तराई क्षेत्रको सबभन्दा ठुलो गढीको रूपमा लिइन्छ ।'

यसै गरी सप्तरी जिल्लाको सन्दर्भमा 'पूर्वाञ्चल क्षेत्रको सप्तरी जिल्लामा विभिन्न समयमा निर्माण गरिएका गढीहरू ठाउँ-ठाउँमा देखिन्छन् । ती गढीहरू ऐतिहासिक र पुरातात्त्विक दृष्टिकोणले धेरै महत्त्वपूर्ण छन् ।

प्राचीन कालमा सप्तरी एक जनपदको रूपमा रहेको थियो । त्यतिबेला वर्तमान सिरहा जिल्लाका सम्पूर्ण र सुनसरी जिल्लाका केही भाग समेत जनपदकै हिस्सा थियो । उनको पुस्तकमा सप्तरीको प्राचीनकालदेखिकै गढ-गढीहरूको विवरण समावेश गरिएको देखिन्छ ।

मानराजागढीको उत्खनन हुन जरुरी छ । तर स्थानीय समुदाय नै उत्खननका लागि तयार छैनन्, कारण मानिसहरू यस गढीलाई धार्मिक दृष्टिकोणले हेर्ने गर्छन् । इतिहासविद् दास भन्छन्, 'गढलाई खन्दा कुनै सङ्कट आइपर्ने भएकाले स्थानीयहरू खन्ने साहस गर्दैनन् ।'

सप्तरीका पूर्वकर्नाटकालीन गढीहरूमा महिसोथागढ, पकडियागढ, तरेनागढ, कञ्चनगढ, पतारपोखरी छन् । कर्नाटवंशीय राजाहरूको तिरहुत राज्यशासन सन् १०९७ मा नान्यदेवद्वारा प्रारम्भ गरिएको थियो । उपरोक्त गढीहरू तिरहुतमा कर्नाटवंशीय शासन प्रारम्भ हुनुभन्दा अघिका हुन् । तिरहुत राज्यमा उत्तरमा पर्सादेखि मोरङसम्म र दक्षिणमा भारतको दरभंगासम्मको भूभाग पर्थ्यो ।

यसरी नै सप्तरीका कर्नाटकालीन गढीहरूमा सखडागढी, गढीगाछी (सोन्धपुरगढी), लालापट्टी, सकरपुरा, रुपनगढ/कञ्चनगढलाई लिइन्छ ।

मुस्लिमहरुको आक्रमणपछि तिरहुत राज्यको विघटन भयो । तत्पश्चात् सप्तरी सेन शासन मातहतमा आएपछि निर्माण गरिएका गढ-गढीहरूमा बनौलीगढ, मरनाही पोखरी, राजदेवीगढी, गढिया, हरिनगरा, एकागढ (चन्द्रभागागढी र कनकपट्टी), कान्छा खोरिया गढीहरू रहेका छन् । यी गढीका अतिरिक्त केही अन्य गढीहरू पनि छन्, जसको ऐतिहासिक र पुरातात्तिवक महत्त्व छ । यस्ता गढीहरूमा मानराजागढी, अम्बरपुरगढी, ठेलिया-भेडियागढी, अकबरपुरगढी, राजगढ, कोइलाडीगढी लगायत छन् । यीमध्ये गढिया गाउँ इतिहासविद् दासको जन्मस्थल नै हो ।

गढिया गाउँको गढीको भौतिक अवशेष सतहमा नदेखिए पनि यहाँ गाउँलेहरूले खनजोत गर्दा इँटाका टुक्रा, जाँतो, माटाका गाग्राका टुक्राहरू भेटाइरहन्थे । इतिहासविद् दास भन्छन्, 'गाउँलेहरू भन्छन्– गढी नष्ट भएपछि त्यहाँका मानिसले गढीभन्दा अलि पर गएर टोल बसाले, जो अहिले गढिया गाउँको नाउँले चिनिन्छ ।

'गढ' वा 'गढी'का लागि संस्कृत भाषामा दुर्ग भन्ने शब्द छ, जसको अर्थ खाता, खावा, कोट,



कोत, दुर्ग, खाडल, किल्ला आदि हुन्छ । दुर्गको अर्थ हुन्छ- किल्ला । यो एक प्रकारको रक्षात्मक संरचना हो, जो प्राचीन कालमा राजा र साम्राज्यहरूद्वारा आफ्नो सुरक्षाका लागि बनाइन्थ्यो । दुर्गहरूको निर्माण सामान्यतः उच्च स्थान, पहाड, नदी किनार वा अन्य रणनीतिक स्थानमा गरिन्थ्यो ताकि शत्रुको आक्रमणबाट रक्षाको व्यवस्था सुनिश्चित गर्न सकियोस् ।

मानराजा गढी

इतिहासविद् दासले सप्तरी जिल्लाका पुरानो समयका ढिस्काहरूमध्ये मानराजाको ढिस्कोलाई सबैभन्दा ठुलो बताएका छन् । उनका अनुसार गढीको यस्तो ढिस्को यस क्षेत्रमा त के सम्पूर्ण सप्तरी-सिराहा जिल्लामा यो एउटा मात्र हो । यो ढिस्को राजविराजबाट १० किलोमिटर पश्चिममा पर्छ ।

मानराजा गढीको नाउँले परिचित यो गढी क्षेत्र २२ कट्ठाभन्दा बढी क्षेत्रफलमा फैलिएको छ । यस ढिस्कोको छेउछाउमा पुरानो भग्न मन्दिर, पोखरी र इनार रहेको देखिन्छ । इतिहासविद् दास भन्छन्, 'ढिस्कोको कतै-कतै पक्की इँटले बनाएका ठुल्ठुला पर्खालहरूको अवशेष हेर्दा ढिस्को प्राचीन समयको गढ अथवा राजदरबारको भग्नावशेष जस्तो देखिन्छ ।' यद्यपि मानराजागढीको ढिस्कोको उत्खनन आजसम्म हुन सकेको छैन ।

मानराजागढीको उत्खनन हुन जरुरी छ । तर स्थानीय समुदाय नै उत्खननका लागि तयार छैनन्, कारण मानिसहरू यस गढीलाई धार्मिक दृष्टिकोणले हेर्ने गर्छन् । इतिहासविद् दास भन्छन्, 'गढलाई खन्दा कुनै सङ्कट आइपर्ने भएकाले स्थानीयहरू खन्ने साहस गर्दैनन् ।' यस्ता कुरालाई एक खाले अन्धविश्वासको संज्ञा दिन सकिन्छ ।

गढीको आरम्भिक अवस्थादेखि नै जोडिएर आएको र अलपत्र परेको राजाजी मन्दिरप्रतिको दृष्टिकोण भने धार्मिक हुनैपर्छ तर ऐतिहासिक र पुरातात्त्विक संरचनाको विकासमा अवरोधक रहेको जुनसुकै सोचलाई समयको चेतनाले खारेज गर्नुपर्छ ।

राजाजी मन्दिर ढिस्कोदेखि केही पूर्व माध्यमिक विद्यालयको परिसरमा अवस्थित छ । यो मन्दिर अत्यन्तै पुरानो इमली (तित्री)को रूखमुनि जीर्ण र क्षतविक्षत अवस्थामा छ । पश्चिमतर्फबाट प्रवेशद्वार रहेको यस मन्दिरको दुवैतर्फ आयताकार पत्थरहरूले पाँच फिटजति अग्लो पर्खाल ठड्याइएको छ । वृक्षको फेदमा कालो पत्थरको टुटेफुटेका मूर्तिहरू राखी पूजाआजा गर्ने गरिएको छ । इतिहासविद् दासले राजाजीको नामले पुजित मूर्तिलाई लक्ष्मीनारायणको भनी किटान गरेका छन् । स्थानीयले यसलाई राजाजी थान भनेर पूजाआजा गर्दै आएका छन् । जिज्ञासु पर्यटकहरू पनि गढीको अवलोकन गर्न आइरहेका हुन्छन् ।

२०४५ सालमा नेपाल सरकारको पुरातत्त्व विभागको टोलीले यस क्षेत्रमा सर्वेक्षण गरेको थियो । यस मन्दिरको भित्री भागमा आयताकार इँटा प्रयोग गरिएकाले अर्को कुनै मन्दिरको भग्नावशेष हुन सक्ने टोलीको प्रतिवेदनमा उल्लेख छ । राजविराजस्थित राजदेवी मन्दिर र मानराजाको राजाजी मूर्तिबीच समानता रहेको छ ।

मधेश प्रदेशमा अवस्थित सप्तरी जिल्ला ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण क्षेत्र हो । सप्तरी जिल्लाका गढीहरू मुख्यतया मधेश क्षेत्रको राजनीतिक, सैन्य र सांस्कृतिक केन्द्रका रूपमा रहिआएका छन् । यहाँ अनेक प्राचीन गढहरू छन्, जसले यस क्षेत्रको राजवंशहरूको इतिहास र विभिन्न पुरातात्त्विक सम्पदालाई प्रतिविम्बित गर्छ । स्थानीय समुदायमा व्याप्त धारणा वा भ्रमहरूलाई चिरेर भए पनि यस्ता सम्पदाहरूको ऐतिहासिकताको संरक्षण गर्न आवश्यक छ ।(लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दक्खल राख्छन् ।)रातोपाटी

# बाँस सम्मेलन पनि प्लास्टिकका कुर्सीमा सम्पन्न हुने त होइन ?



सुरेश सुवेदी

खोटाङको दिक्तेलमा यही फागुन १५, १६ र १७ गते प्रथम राष्ट्रिय बाँस सम्मेलन हुने भएको छ । सम्मेलनको मूल नारा छ, 'जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहाँ बाँस' ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका मुख्य आयोजक रहने यस सम्मेलनमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बबरमहल काठमाडौँ; पर्यटन, वन तथा वातावरण मन्त्रालय; कोशी प्रदेश लगायत ५० वटा सरकारी तथा गैरसरकारी निकाय; १०० भन्दा बढी वन उपभोक्ता समूह; ५० विश्वविद्यालय तथा अनुसन्धान केन्द्र; वन विज्ञान विषय अध्ययन संस्था लगायत प्रत्यक्ष सहभागी हुनेछन् ।

नेपालमै पहिलोपटक हुन लागेको राष्ट्रिय बाँस सम्मेलनलाई सफल बनाउन प्रदेश स्तरीय र काठमाडौँ उपत्यकामा पूर्व तयारीसम्बन्धी छलफल कार्यक्रम भइसकेका छन् ।

पूर्वतयारी कार्यक्रममा वक्ताहरूले यस सम्मेलनलाई 'ग्रिन गोल्ड'कै संज्ञा दिए । निर्माण क्षेत्रमा प्रयोग गर्न सके बाँसले नेपालको अर्थतन्त्रलाई दिगो रूपमा नै आत्मनिर्भर बनाउन सक्ने झलक प्रस्तुत गरे । रड र डन्डी तथा प्लास्टिकका लागि बाहिरिने नेपाली पैसाले अर्थतन्त्र सबल बन्ने प्रक्षेपण गरे ।

बाँस विज्ञ एवं प्राविधिकले 'ट्रिटमेन्ट' गरिएका बाँस २५ वर्षभन्दा बढी टिक्न सक्ने साथै मानिसहरूले १२-१५ वर्षमै आवासको डिजाइन परिवर्तन गर्न चाहने भएकाले यसतर्फ आशा जागेको छ ।

देशमा आयात-निर्यातको अनुपात हेर्दा निस्सासिँदो छ । राजस्व तिरिरहेका जग्गा-जमिन प्रायः उत्पादनविहीन छन् । उत्पादन भएकामा पनि मजदुरको अभाव छ । युवाहरू कडा परिश्रम भन्दा पनि 'इजी कृषि'प्रति आशा गर्ने भएका छन् । यस्तो अवस्थामा बाँस नै उत्तम विकल्प हो भन्ने तर्कहरू प्रस्तुत भए ।

### गन्तव्य 'ग्रिन इकोनोमी'तर्फ

शिथिल भइरहेको अर्थतन्त्रका बेला दिगो अर्थतन्त्रको खोजी जरुरी ठानिन्छ । दिगो अर्थतन्त्रका लागि 'ग्रिन इकोनोमिक'को अवधारणा नयाँ होइन । यसलाई दीर्घकालीन अर्थतन्त्रको साधन मानिन्छ । 'ग्रिन इकोनोमी'को विभिन्न उपाय छन् । विभिन्न देशले फरक-फरक उपाय अपनाएका छन् । तीमध्ये उपयुक्त छान्ने समय आएको छ ।

नेपालमा बाँसजन्य वनस्पतिका विभिन्न ७५ भन्दा बढी प्रजातिहरू उपलब्ध छन् र पनि वनस्पति विभागले ४० प्रजातिलाई मात्र स्वीकृत दिएको छ ।

प्रथम बाँस सम्मेलनको पूर्वतयारी कार्यक्रमको शुभारम्भ गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले व्यक्त गरेका विचारले यसप्रति आशा जगाएको छ । अधिकारीले अबको आर्थिक संकटको समाधान दिगो रूपमा खोज्ने हो भने 'ग्रिन इकोनोमी'का औजारहरू अपनाउनुपर्ने औँलाए । यसका लागि विभिन्न उपाय हुने भन्दै यसको अवश्यकता भएको दोहोऱ्याए । सम्मेलनले बाँसलाई 'ग्रिन गोल्ड'का रूपमा स्थापित गर्न सके दिगो अर्थतन्त्रलाई मद्दत गर्ने आशा व्यक्त गरे ।

### आर्थिक पक्ष

यो एक बहुउपयोगी वनस्पति हो । मानव जीविकासँग यसको अन्योन्याश्रित सम्बन्ध छ । नेपालमा बाँसजन्य वनस्पतिका विभिन्न ७५ भन्दा बढी प्रजातिहरू उपलब्ध छन् र पनि वनस्पति विभागले ४० प्रजातिलाई मात्र स्वीकृत दिएको छ ।

बाँस हाम्रो पुर्खाहरूका लागि अपरिहार्य थियो तर अहिले यसका धेरै विकल्प छन् । सबै जात, वर्ण, धर्मको पौराणिक कला, धर्म, संस्कृति, परम्परा बाँससँगै झाँगिएको पाइन्छ । विकास तथा उन्नतिका निमित्त पनि घरेलु तथा साना उद्यम र जनजीविकासँग जोडिएको छ ।

नेपालजस्तो पहाडी तथा संवेदनशील भूबनोट भएको देशमा भू तथा जलाधार संरक्षण गर्न बाँस कम खर्चिलो विधि हो । दिगो भूकम्पमैत्री निर्माणका लागि पनि यो उपयुक्त मानिन्छ । पर्यावरणीय शुद्धीकरणका लागि त हुँदै हो । अब व्यावसायिक वृद्धि गर्न पनि बाँसको महत्त्वलाई अझ सान्दर्भिक बनाउनुपर्ने देखिन्छ । पछिल्ला दिनमा 'ब्याक टु नेचर'को अवधारणा बढ्दै गर्दा मानव जीवनशैली प्रकृतिउन्मुख हुन थालेको छ । ग्रामीण क्षेत्रमा आवश्यकता र सहरी क्षेत्रमा सौखका कारण पनि बाँसका सामग्रीको प्रयोग बढ्दै गएको छ ।

बाँसले वायुमण्डलमा रहेको कार्बन पनि अरु बिरुवाले भन्दा बढी शोषण गर्छ । विश्वव्यापी रूपमा बढ्दै गरेको जलवायु परिवर्तनको दुष्प्रभावलाई न्यूनीकरण गर्न महत्त्वपूर्ण भूमिका हुन्छ ।

बिजनेस डुइङ रिपोर्टले पनि बाँसलाई धेरै सम्भावना भएको प्रकृतिक स्रोत भनी उल्लेख गरेको छ तर नेपालकै बारेमा भने उल्लेख गरेको पाइँदैन ।

यी विशेषताका कारण पनि बाँसप्रति पुर्खाको बलियो विश्वास थियो तर अहिले बहुतले भवनभित्र आल्मुनियम, युपीभीसी तथा प्लास्टिकका सामग्रीमा बानी भएका हामीलाई चित्त बुझ्ला त ? आवासीय निर्माणका निमित्त यो सुरक्षित हुन सक्ला त ? बाँसको कटेजमा बस्दा आत्मसन्तोष महसुस होला ? सामाजिक मनोविज्ञान कस्तो रहला ?

अर्कोतर्फ यसले माटोको उर्वरा शक्तिमा असर गर्छ । पुर्खाले पनि यसलाई उर्वर जमिनमा लगाएनन् । अहिले व्यवसायका रूपमा लगाएर पछि यसलाई मास्न पर्दा त्यति सजिलो छैन । उत्पादित सामानको बजार सुनिश्चितता हुन नसक्नु अर्को चुनौती देखिन्छ ।

गभर्नर अधिकारीको भनाइ छ– बहुतले घरमा बस्दा ऋणले ग्रस्त भइन्छ भने यो कसरी स्वस्थ र सुरक्षित मान्न सकिएला र ? लामो ऋणको दुष्चक्रमा फस्ने अवस्थाले आर्थिक स्थायित्व ल्याउन सकिँदैन । हामी अर्थतन्त्रमा दिगोपना ल्याउन चाहने भए वैज्ञानिक-मनोवैज्ञानिक रूपमा तयार हुनुपर्छ । त्यसैले आर्थिक स्थायित्वका लागि बाँस निर्मित आवास उपयुक्त हुन्छ ।

नक्सापासको विषय सरल र सहुलियतयुक्त बनाउनुपर्छ । बाँसको दररेट तोक्न कठिन मान्नु हुँदैन । यससम्बन्धी उद्योग धन्दालाई प्रवर्धन गर्नुपर्छ ।

'यसैका लागि त समन्वय चाहियो नि !' सम्मेलन आयोजक समितिका अध्यक्ष गणेश शाहको भनाइ छ ।

आजको पुस्तालाई यसतर्फ आकृष्ट गर्न निम्न ध्यान पुऱ्याउनैपर्छ । तब मात्र यसको सम्भावना र अवसर देखिन्छ । बाँसबाट प्राप्त हुने विविध वस्तु तथा सेवाको प्रदर्शनी गर्ने, बाँसको अध्ययन तथा अनुसन्धानलाई थप बढावा दिने । बाँसको प्रवर्धनका लागि सरोकारवालाहरूको ध्यानाकर्षण गर्दै आवास तथा सामग्री उत्पादनमा बाँसको उपयोगिता बढाउने ।

आर्थिक उपार्जनका लागि बाँसलाई वैकल्पिक स्रोतको रूपमा विकास गर्ने । बाँसको खेतीलाई सुधार र विस्तार गर्दै अन्य खेती हुन नसक्ने जग्गामा बाँसको खेती विस्तार गर्न सकिन्छ । बाँसको उत्पादनका लागि नर्सरीदेखि नै सुरु गर्नुपर्नेछ । व्यवसाय र बजारीकरणका लागि सहजीकरण गर्न अन्य सरोकारवालाको भूमिका खोज्नुपर्छ ।

बाँस र बाँसजन्य सामग्रीहरू विशेष गरी आयस्तर कम भएका नागरिकको जीवनयापनको महत्त्वपूर्ण आधारवस्तुका रूपमा रहँदै आएका छन् । तर अब बाँसको व्यवसायीकरण र प्रत्यक्ष तथा अप्रत्यक्ष लाभका बारेमा जानकारी गराउन सक्नुपर्छ । बाँसको दररेट, नक्सापास लगायत विषयमा सम्बन्धित निकायसँग छलफल गरी टुंग्याउनुपर्छ । नयाँ पुस्तालाई प्रकृतिसँग सहअस्तित्व कायम राख्दै वातावरण संरक्षण र दिगो विकासको मूलप्रवाहीकरणमा लैजाने, बाँससँग सम्बन्धित ग्रामीण क्षेत्रमा बस्ने आदिवासी, किराँत लगायतका धार्मिक, पौराणिक कला संस्कृति र रीतिरिवाजको संरक्षण, बाँसबाट प्राप्त हुने वस्तु तथा सेवाको प्रवर्धन तथा बजारीकरण गरी राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याउनुका साथै बाँससम्बन्धी अध्ययन अनुसन्धानलाई बढावा दिन तथा बाँसकेन्द्रित युवा स्वरोजगारको सिर्जना एवं प्रवर्धन गर्न यस सम्मेलनले मद्दत गर्ने लक्ष्य लिइएको छ ।

> यस सम्मेलनमा सहभागीलाई नेपालमा पाइने बाँसका प्रजातिको विस्तृत जानकारी, उपयोगिता, अर्थतन्त्रमा योगदान र बाँसको व्यावसायिक खेती, उद्यम प्रवर्धन तथा दिगो उपयोगिताका विषयमा सम्बन्धित विज्ञहरूसँग भेटघाट, यिनका सम्भावना र चुनौतीहरूको विषयमा बृहत् छलफल गरी अनुभव आदान-प्रदान गरिनेछ ।

यस सम्मेलनमा सहभागीलाई नेपालमा पाइने बाँसका प्रजातिको विस्तृत जानकारी, उपयोगिता, अर्थतन्त्रमा योगदान र बाँसको व्यावसायिक खेती, उद्यम प्रवर्धन तथा दिगो उपयोगिताका विषयमा सम्बन्धित विज्ञहरूसँग भेटघाट, यिनका सम्भावना र चुनौतीहरूको विषयमा बृहत् छलफल गरी अनुभव आदान-प्रदान गरिनेछ ।

यस्ता विविध महत्त्व बोकेको बाँस प्रजातिको संरक्षण, प्रवर्द्धन र उपयोगितालाई उजागर गर्दै बाँसका उत्पादनहरूको विविधीकरण तथा यिनको प्रयोगलाई गुणात्मक रूपमा अभिवृद्धि गर्न तथा बाँस केन्द्रित राष्ट्रिय नीति-निर्माण, योजना तथा कार्यक्रम सञ्चालन एवं सीप र प्रविधि विकासको अभिवृद्धि लगायत विषयहरूलाई लक्षित गरी यो सम्मेलनको आयोजना गर्न लागिएको हो ।

### सम्मेलनको उद्देश्य

बाँसबाट प्राप्त हुने वस्तु तथा सेवाको प्रवर्धन तथा बजारीकरण गरी राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याउने लक्ष्यका साथ प्रथम राष्टिय बाँस सम्मेलन आयोजना गरिने भएको हो ।बाँससम्बन्धी अनुसन्धानलाई बढावा दिई बाँसकेन्द्रित रोजगारको सिर्जना गर्न यस सम्मेलनले मद्दत गर्ने लक्ष्य लिइएको छ ।

सम्मेलनमा बाँससँग सम्बन्धित सरकारी तथा वन वातावरणसम्बन्धी गैरसरकारी संघ-संस्था, शैक्षिक तथा अनुसन्धान निकाय, निजी क्षेत्र, बाँसमा आधारित उद्यमीहरूले सहभागिता जनाउनेछन् । अनलाइनबाट हजारौँ शुभचिन्तकले अप्रत्यक्ष रूपमा अवलोकन गर्नेछन् । खोटाङ जिल्ला र आसपासबाट हजारौँ मानिसले स्टलको अवलोकन गर्ने अनुमान गरिएको छ ।

यतिबेला दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका नगरप्रमुख तीर्थराज भट्टराईलाई भ्याइनभ्याई छ । बाँस विज्ञहरूको प्रस्तुतीकरण, विभिन्न जिल्लामा बाँसबाट निर्मित सामग्रीहरूको स्टल एवं विभिन्न सांस्कृतिक झाँकीहरूको प्रदर्शनले सम्मेलन उत्सवमय बनाउनेमा विश्वस्त छन् उनी तर सम्मेलनपछि बन्ने समाचारको शीर्षकका बारेमा भने सशंकित छन्– कतै बाँस सम्मेलनमा प्लास्टिकका कुर्सी हुने त होइनन् ।

चुरेमा बाँस रोप्न वित्त सहयोग उपलब्ध गराउन फ्रान्सको दाता संस्था 'रिफरेस्ट एक्सन' र एसियाली विकास बैंक इच्छुक देखिए पनि उनीहरूले सहमति गरेनन् । राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिले नै वन तथा वातावरण मन्त्रालयबाट समयमा सहमति नआएपछि दाताहरूले आफ्नो प्रस्ताव फिर्ता गरेको जानकारी गराएको छ । समितिका अनुसार बाँस रोप्नका लागि चार अर्ब ८८ करोड ४० लाख रुपैयाँ (३७ मिलियन अमेरिकी डलर) अनुदान दिन फ्रान्सको दाता 'रिफरेस्ट एक्सन' र एसियाली विकास बैंक तयार थियो ।

एडीबीसँग ३० मिलियन अमेरिकी डलर (करिब चार अर्ब सात करोड) रुपैयाँ आर्थिक सहयोगका लागि प्रस्ताव गरिएको थियो । एडीबीले उपलब्ध गराउन लागेको उक्त रकममध्ये ५० प्रतिशत अनुदान र ५० प्रतिशत ऋण भनेपछि यो सहयोगको कार्यक्रम रोकियो ।

दाताहरूले सहयोगका नाममा कडा सर्त बनाएपछि कार्यक्रम हुन सकेको छैन । यद्यपि नेपाल कार्बन व्यापारमा जाने तयारी गरिरहेका बेला उत्पादन भएका बाँसले कार्बन उत्सर्जन न्यूनीकरण गरेबापत हुने आर्थिक लाभका निमित्त मार्गप्रशस्त हुनेछ । कार्बन व्यापारका लागि निजी क्षेत्रलाई कसरी आकर्षक गर्न सकिन्छ ? सोचनीय छ ।रातोपाटी

# ऊर्जामन्त्री खड्कासँग नेपालका लागि बेलायती राजदूतको शिष्टाचार भेट



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग नेपालका लागि बेलायतका राजदूत रोब फेनबीच शिष्टाचार भेटवार्ता भएको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्धारा आयोजित नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममा सहभागी हुने क्रममा विहिबार भएको भेटमा उहाँहरुबीचमा दुई देशबीचको ऊर्जा क्षेत्रका विविध विषयमा छलफल भएको थियो ।

भेटमा ऊर्जामन्त्री खड्काले २०९ वर्ष पुरानो सम्बन्ध रहेको बेलायतले नेपालको नवीकरणीय ऊर्जा क्षेत्रमा युकेएडमार्फत पुर्‍याउँदै आएको योगदानको उच्च कदर गर्नुभयो ।

उहाँले बेलायतले नेपाललाई ऊर्जा क्षेत्र सहायता कार्यक्रम, राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम, भूकम्पपछिको पुनः स्थापना तथा पुनःनिर्माण सहयोगप्रति आभार व्यक्त गर्नुभयो ।

भेटमा मन्त्री खड्काले नेपाल सरकारले हालै पारित गरेको ऊर्जा विकास मार्गचित्र, २०८१ ले राखेको विद्युत् उत्पादनको लक्ष्यलाई पूरा गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने बताउनुभयो ।

उहाँले नेपालका लागि बेलायती राजदूतावासमार्फत सहयोग हुँदै आएको केन्द्रीय नवीकरणीय ऊर्जा कार्यक्रमलाई दुई वर्ष थप गर्न अनुरोध गर्नुभयो । उहाँले नेपालमा नवीकरणीय ऊर्जा र स्वच्छ ऊर्जा सङ्क्रमणको यात्रामा बेलायतको निरन्तर साझेदारीप्रति आभार व्यक्त गर्दै भविष्यमा दुईपक्षीय सहकार्य अझै बलियो हुने आशा व्यक्त गर्नुभयो ।

भेटमा नेपालका लागि बेलायती राजदूत रोबले हालैका केही दिनमा नेपालले ऊर्जा क्षेत्रको विकासमा चालेका कदमहरु सराहनीय रहेको बताउनुभयो । उहाँले नेपालले जलविद्युत् तथा नवीकरणीय ऊर्जाका अन्य स्रोतहरुलाई सन्तुलनमा राखेर भइरहेको कार्यले नेपाल मात्र नभई भारतलाई समेत स्वच्छ ऊर्जा उपलब्धतामा महत्वपूर्ण सघाउ पुगेको बताउनुभयो । उहाँले आगामी दिनमा बेलायत सरकारले ऊर्जाका अन्य क्षेत्रमा सघाउन लगानी समितिसँग छलफल भइरहेको जानकारी गराउनुभयो ।रासस

# 'नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा छुट्टै ऐन सरकारको प्राथमिकतामा'


काठमाण्डु । उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्काले नविकरणीय उर्जा तथा उर्जा दक्षतासम्बन्धी छुट्टै ऐन सरकारको प्राथमिकतामा रहेको जानकारी दिनुभएको छ ।

बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रद्वारा बेलायत सरकारको सहयोगमा सञ्चालन गर्दै आएको नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमको सिकाई आदान प्रदान कार्यक्रममा उहाँले सरकारले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा छुट्टै ऐनको व्यवस्थालाई प्राथमिकतामा राखेको बताउनुभएको हो ।

उर्जामन्त्री खड्काले नवीकरणीय ऊर्जा परियोजनामा निजी क्षेत्रको लगानी वृद्धि गर्ने, सबैमा ऊर्जाको पहुँच पुर्‍याउन सहयोग गर्न कार्यक्रमले सहयोग पुगेको उल्लेख गर्नुभयो ।

उहाँले ऊर्जा प्रणालीलाई गुणस्तरीय र भरपर्दो बनाउन सहयोग, दिगो ऊर्जा 'च्यालेञ्ज फण्ड' मार्फत वितरित नवीकरणीय ऊर्जा परियोजनाहरुको वित्तीय सम्भाव्यता र दिगो सञ्चालनको लागि वित्तीय र प्राविधिक सहायता प्रदान लगायतका कार्यमा पुर्‍याएको योगदानको प्रशंसा गर्नुभयो ।

> मन्त्री खड्काले सरकारले आफ्ना नीति, रणनीति, योजना तथा लक्ष्यहरु मार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनलाई विशेष प्राथमिकता दिंदै आएको उल्लेख गर्नुभयो ।



मन्त्री खड्काले सरकारले आफ्ना नीति, रणनीति, योजना तथा लक्ष्यहरु मार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनलाई विशेष प्राथमिकता दिँदै आएको उल्लेख गर्नुभयो ।

मन्त्रीपरिषद्‌बाट हालै स्वीकृत 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' मा नेपालले अघि सारेका स्वच्छ ऊर्जा र जलवायु परिवर्तन सम्बन्धी अन्तर ष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय लक्ष्यमा नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणलाई उच्च प्राथमिकता दिएको मन्त्री खड्काले बनताउनुभयो ।

उहाँले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्दै विद्युत खपत प्रतिव्यक्ति वार्षिक एक हजार ५०० युनिट पुर्‍याउने लक्ष्य सहित स्वीकृत मार्गचित्रमा राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युतमार्फत आगामी दुई वर्षभित्र शतप्रतिशत घरधुरीमा विद्युत पहुँच पुर्‍याउने लक्ष्य लिएको स्पष्ट पार्नुभयो ।

पेरिस सम्झौताअनुसार सन् २०४५ सम्म कार्वन उत्सर्जन शून्यमा झार्ने प्रतिवद्धतालाई पुरा गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने मन्त्री खड्काको भनाई थियो । उहाँले नेपाल सरकारको स्वच्छ ऊर्जा रुपान्तरण सम्बन्धी लक्ष्य हासिल गर्न आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्नुभयो ।

मन्त्री खड्काले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक हाल राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेश भएकाले उक्त विद्येयकलाई छिट्टै प्रतिनिधिसभाबाट पारित गराई ऐनको रुप दिने कार्यमा आफ्नो उच्च प्राथमिकता रहेको बताउनुभयो ।

विधेयकले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र ऊर्जा रूपान्तरणको क्षेत्रहरूमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रलाई नयाँ संगठनमा रूपान्तरण गर्न र नयाँ सन्दर्भमा यसको भूमिकालाई सुनिश्चित गर्न सहयोग पुग्ने उहाँको भनाई थियो ।

उर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यलाई पुरा गर्न यस्ता दातृ निकायको महत्वपूर्ण साथ र सहयोगको खाँचो रहेको बताउनुभयो । नेपालका लागि बेलायतका राजदूत रब फेनले कार्वन उत्सर्जनलाई शून्यमा झार्ने अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई पुरा गर्न नवीकरणीय उर्जा क्षेत्रको विकास आवश्यक रहेको बताउनुभयो ।

बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाल, कार्यक्रम संयोजक सुमन बस्नेत, नविकरणीय उर्जा परिसङ्घका अध्यक्ष कुशल गुरुङलगायतले नेपालको नविकरणीय उर्जाको क्षेत्रमा उक्त कार्यक्रममार्फत भएको विकासप्रति बेलायत सरकार र बेलायती जनतालाई धन्यवाद दिनुभएको थियो ।

विस २०७५ माघदेखि कार्यान्वयन भई सञ्चालन आएको उक्त कार्यक्रम आगामी चैत १८ गते सम्पन्न हुँदैछ ।

उक्त कार्यक्रमले विद्युत नभएका घरमा विद्युतीकरण, लघु जलविद्युत निर्माण, विद्युतीय चुल्होको विस्तार, सौर्य उर्जाको विकास, विद्युतीय सिंचाईलगायतको क्षेत्रमा काम गरेको केन्द्रका नायब कार्यकारी निर्देशक डा नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । रासस

# 'तालिमलाई व्यवसायसँग जोड्न आवश्यक'

गोदावरी । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले तालिमलाई रोजगारसँग जोड्न आवश्यक भएको बताउनुभएको छ ।

धनगढी उपमहानगरपालिकाले विहिबारदेखि सुरु गरेको सीप तथा रोजगार मेलाको उद्धाटन कार्यक्रममा उहाँले तालिमलाई व्यवसायसँग जोड्नसके मात्र बढ्दो बेरोजगारी अन्त्य हुने दिशातर्फउन्मुख हुने बताउनुभयो । उहाँले विगतदेखि नै विभिन्न मन्त्रालयले लामो र छोटो अवधिका विभिन्न तालिम सञ्चालन गर्दै आएको बताउँदै तालिमले दक्ष जनशक्ति उत्पादनमा सहयोग गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "तालिम त दिइरहेका छौँ तर त्यसबाट कति जना रोजगारीसँग जोडिए त्यो हेर्नुपर्ने हुन्छ ।"

उहाँले एक महिने तालिमको समयावधि पर्याप्त हो होइन छलफल गर्न आवश्यक रहेको बताउँदै तालिम परिणाममुखी हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । मन्त्री भण्डारीले सङ्घ, प्रदेश र स्थानीय तहले छरिएर नभएर एकीकृत ढाँचामा तालिम सञ्चालन गर्न सरकार लागिपरेको बताउनुभयो ।

उहाँले धनगढी उपमहानगरपालिकाले सीप तथा रोजगार मेलाको आयोजना गरेर राम्रो कामको सुरुआत गरेको बताउँदै यसको अपनत्व सिङ्गो सुदूरपश्चिमका साथै देशले ग्रहण गर्नुपर्ने बतानुभयो ।

नेपाली श्रमबजारमा बाहिरबाट आयात भएको जनशक्तिले श्रमबजारको मुनाफा लगिरहेको बेला सीप तथा रोजगार मेलाको सान्दर्भिकता, आवश्यकता रहेको उहाँको भनाइ थियो । उहाँले बजारको मागअनुसार युवालाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन रोजगार मेला फलदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

सुदूरपश्चिम प्रदेशका नौ जिल्लाका ३९ वटा स्थानीय तहबाट एक हजार ४० जनालाई विभिन्न आठ विधाका २९ विषयमा प्राविधिक तालिम प्रदान गरिनेछ । धनगढीको खुला मञ्चमा आजदेखि सुरु भएको सो मेला ४० दिनसम्म सञ्चालन हुनेछ ।रासस

# निर्वाचन क्षेत्रको विकासमा समय दिने अध्यक्ष दाहालको प्रतिबद्धता

गोरखा । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखा जिल्ला र आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि समय दिने प्रतिबद्धता जनाउनुभएको छ ।



गोरखा क्षेत्र नं २ बाट प्रतिनिधिसभामा निर्वाचित पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका उहाँले विहिबार गोरखा नगरपालिका- १४ गोप्लिङस्थित सहिद परिवारसँगको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै चुनाव जितेर गएपछि आफ्नो निर्वाचन क्षेत्रमा चाहे जति समय दिन नसकेकाले अब बाँकी समय निर्वाचन क्षेत्रको विकास निर्माणलाई दिने प्रतिबद्धता जनाउनुभयो ।

अध्यक्ष दाहालले सहिदहरुको बलिदानका कारण नै देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव भएको बताउनुभयो । परिवर्तनका लागि ज्यानको बलिदान दिने सहिदहरु देशको साझा सम्पत्ति भएको उहाँले उल्लेख गर्नुभयो ।

अध्यक्ष दाहालले १० वर्षे सशस्त्र सङ्घर्षका क्रममा एकै घरबाट तीन जनाले ज्यान गुमाएका गोरखा नगरपालिका-१४ गोप्लिङस्थित सहिद गुप्तबहादुर नहर्की, सरस्वती नहर्की र कल्पना नहर्कीको परिवारसँग भेट गर्नुभएको हो । रासस

# 'जलस्रोत विधेयक' का ५४ वटा दफा पूर्वाधार समितिबाट पारित

काठमाण्डु । प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले 'जलस्रोत विधेयक, २०८१' का ५५ मध्ये ५४ वटा दफा पारित गरेको छ । सिंहदरबारस्थित समितिको कार्यकक्षमा विहिबार बसेको बैठकमा भएको विधेयकमाथिको दफावार छलफलपछि समितिले जलस्रोत स्वामित्व र विकासको अधिकार, आयोगको स्थापना, काम, कर्तव्य, अधिकारलगायतका १२ परिच्छेदका ५४ दफा 'विधेयकको अङ्ग बनोस्' भनी सर्वसम्मतिले पारित भएको सभापति दीपकबहादुर सिंहले घोषणा गर्नुभयो ।



समितिको बैठकले दफा १७ को उपदफा १ र २ लाई भने समितिको आगामी बैठकमा पुनः विस्तृत छलफल गरी पारित गर्ने भएको छ । विधेयकको दफा १७ मा 'माथिल्लो र तल्लो तटीय लाभको गणना र बाँडफाँड' सम्बन्धी व्यवस्था गरिएको छ । सो दफाको उपदफा १ मा 'बाँध वा जलाशयको निर्माण गरी आयोजनाको विकास गर्दा त्यस्तो बाँध वा जलाशयबाट माथिल्लो र तल्लो तटीय क्षेत्रले प्राप्त गर्ने लाभ र जोखिमको विश्लेषण गरी तोकिएबमोजिम लाभको गणना र बाँडफाँड गर्नुपर्नेछ' भनिएको छ ।

त्यसैगरी उपदफा २ मा 'बाँध वा जलाशययुक्त आयोजनाको विकासबाट तल्लो तटीय लाभको हिस्सा नेपालको सीमापारको भूभागमा उपलब्ध हुने अवस्था भएमा त्यस्तो लाभको न्यायोचित हिस्सा नेपालले समेत प्राप्त गर्ने व्यवस्था मिलाउन आवश्यक कूटनीतिक पहल गर्नुपर्नेछ' भनिएको छ । विधेयकमा जलस्रोतको एकीकतृ एवं दिगो विकास, उपयोग, संरक्षण र व्यवस्थापनका लागि 'जल तथा ऊर्जा आयोग' को स्थापना गर्ने भनिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलस्रोतको दिगो विकास, उपयोग, संरक्षण एवम् व्यवस्थापन, लाभको न्यायोचित बाँडफाँड, मौसम तथा जल उत्पन्न विपद् न्यूनीकरण गर्ने उद्देश्यले जलस्रोत ऐन ल्याउनु परेको प्रस्ट पार्नुभयो ।

बाँधको सुरक्षा र अन्तरपुस्ता समन्यायका आधारहरू सुनिश्चित गर्नका लागि आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्न आवश्यक भएकाले ऐन ल्याएको उहाँको भनाइ छ । पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले दफा ३२ को उपदफा २ मा समावेश 'नक्साङ्कका आधारमा सरकारले राजपत्रमा आदेश प्रकाशन गरी भू-उपयोग क्षेत्रको वर्गीकरण गरी भू-उपयोगमा प्रतिबन्ध गराउनु पर्ने छैन' भन्ने व्यवस्थालाई विधेयकबाट हटाउनुपर्ने तर्क गर्नुभयो ।रासस


**Madhesh Province Government**

**Ministry of Health and Population**

## Provincial Aayurveda and Alternative Hospital

## Janakpurdham, Dhanusha

### Invitations of bids

**Date of Publication: 21 February 2025**

Ministry of Health and Population, Provincial Aayurveda and Alternative Hospital, Janakpurdham, Dhanusha invites National Competitive Bids (1S1E) from Nepalese eligible bidders for the following Works. Last day for bid submission 12 PM on 23 March 2025. For more details visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| S. No. | Description of Works/Contract ID | Bid Fee (NPR) | Bid Security (NPR) | Estimated Amount (without VAT and Contingency) NPR |
|---|---|---|---|---|
| 1. | Bhawan Nirman, Provincial Aayurveda and Alternative Hospital, Janakpurdham/PAAH/NCB/WORKS/2081-82/01 | 3000/- | 110000/- | 4279372.17 |
| 2 | Yog Bhawan Nirman, Provincial Aayurveda and Alternative Hospital, Janakpurdham/ PAAH/NCB/WORKS/2081-82/02 | 3000/- | 45000/- | 1727267.98 |

**सोनमा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सोनमा, महोतरी**

**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/०८**

यस सोनमा गाउँपालिको आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावकारी ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) | कार्यसम्पादन जमानत (Performance Guarantee) |
|---|---|---|---|---|---|
| 1. | 10/01/2025 | SRM/NCB/WORKS/03/2081-82, Sonma Ga.Pa. Bitra Khanepani Jadaan, Sonma Ga.Pa.,Mahottari. | Habib Construction and Suppliers. | 4,413,432.04 | 4,43,000.00 |
| 2. | 08/01/2025 | SRM/NCB/WORKS/02/2081-82, The Construction of Cold Store, Sonma Ga.Pa., Mahottari. | Shashwat Construction and Shashwat Supplier | 9,404,837.01 | 28,76,000.00 |

**प्रमुख प्रशासकिय अधिकृत**

# हमासद्वारा इजरायली बन्धकको शव हस्तान्तरण

एएफपी

खान युनिस । हमासले गाजा युद्ध सुरु भएदेखि इजरायलमा व्याप्त अग्निपरीक्षाको प्रतीक बनेका बिबास परिवारसहित चार जना इजरायली बन्धकको शव रहेको कफिन बिहीबार हस्तान्तरण गरेको छ ।

सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणपछि हमासले पहिलो पटक शव हस्तान्तरण गरेको हो । यो हमास र इजरायली पक्षबीच जनवरी १५ मा सहमति गरिएको र जनवरी १९ मा कार्यान्वयनमा आएको युद्धविराम सम्झौताअन्तर्गत भइरहेको छ । बदलामा इजरायली जेलमा रहेका जीवित प्यालेस्टिनी बन्दीको आदानप्रदान हुनेछ ।

दुई छोराहरू केफिर र एरियलसहित शिरी बिबास तथा ओडेद लिफशिट्जको शव फिर्ता गर्ने समारोह दक्षिणी गाजा शहर खान युनिसबाट भएको हो । हस्तान्तरण गर्नुअघि हमासले बलौटे जमिनमा बनाइएको मञ्चमा चारवटा कालो कफिन प्रदर्शन गरेको थियो । प्रत्येक 'कास्केट'मा मृतकको सानो फोटो राखिएको र कफिनको छेउमा राखिएका सेतो नक्कली क्षेप्यास्त्रमा अमेरिकी बमले मारिएका लेखिएको छ ।

इजरायली सेनाले 'बन्धकहरूको शव' आफू र गाजास्थित शिन बेट आन्तरिक सुरक्षा एजेन्सीलाई हस्तान्तरण गरिएको बताएको छ ।हमासले बिबास परिवारको अपहरणका समय गरेको भिडियो प्रसारणमा आमा र उनका छोराहरू चार वर्षीय एरियल र केवल नौ महिनाका केफिरलाई गाजा



सीमा नजिकैको उनीहरूको घरबाट जफत गरिएको देखिएको थियो । केटाहरूका बुबा र शिरीका पति यार्डेन बिबासलाई सोही दिन छुट्टाछुट्टै अपहरण गरिएको थियो र फेब्रुअरी १ मा गाजा पट्टीबाट बन्धक-कैदी आदानप्रदानमा रिहा गरिएको थियो।

**'शोकको दिन'**

गाजामा १५ महिनाभन्दा लामो संघर्षपछि जनवरी १९ मा इजरायल र हमासबीच भएको युद्धविरामको पहिलो छ हप्ताको प्रथम चरणको एक हिस्साका रुपमा उनीहरुको शव स्वदेश फिर्ता गरिएको हो ।इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बिहीबार बन्धकको शब फिर्ताको क्षण इजरायलका लागि निकै कठिन दिन हुने बताउनुभएको थियो । युद्धविरामको पहिलो चरणअन्तर्गत अहिलेसम्म एक हजार १०० भन्दा बढी प्यालेस्टिनी कैदीहरूको बदलामा १९ जना इजरायली बन्धकलाई लडाकूहरूले रेड क्रसमार्फत् इजरायललाई हस्तान्तरण गरेका छन्।पहिलो चरणअन्तर्गत रिहा हुन योग्य गाजाका बाँकी १४ बन्धकमध्ये आठ जनाको मृत्यु भइसकेको इजरायलले जनाएको छ । हमासको आक्रमण र बन्धक बनाइएका घटनासँगै बिबास परिवारका सदस्यहरू इजरायलका लागि चरम निराशाको राष्ट्रिय प्रतीक बनेको थियो ।

हमासले इजरायली हवाई आक्रमणले युद्धको सुरुमा नै उनीहरूको मृत्यु भएको बताएपछि विदेशमा उनीहरूको मृत्युलाई तथ्यको रूपमा स्वीकार गरिएको छ, तर इजरायलले यो दाबीलाई कहिल्यै पुष्टि गरेको छैन र बिबास परिवारसहित धेरै जना विश्वस्त छैनन्।इजरायली अभियान समूह 'द होस्टेज एण्ड मिसिङ फेमिलीज फोरम'ले बिबास परिवारका तीन सदस्यको मृत्युभएको खबरले आफूलाई स्तब्ध बनाएको बताएको छ ।बिबास परिवारले पुष्टिका लागि पर्खने बताएको छ ।

तेल अभिवस्थित नेशनल फरेन्सिक मेडिसिन इन्स्टिच्युटले पहिचान प्रक्रियालाई तीव्रता दिन १० जना चिकित्सक परिचालन गरेको छ ।

इजरायल र हमासले यसै हप्ता र अर्को हप्ता दुई समूहमा बन्धक बनाइएका आठ जना बन्धकको अवशेष फिर्ता गर्ने र अन्तिम छ जना जीवित इजरायली बन्दीलाई शनिबार रिहा गर्ने सम्झौताको घोषणा गरेका थिए ।बन्धकहरूको मञ्चले ती छ जनाको नाम एलिया कोहेन, ताल शोहम, ओमेर शेम टोभ, ओमेर वेनकर्ट, हिशाम अल-सैयद र एवेरा मेन्गिस्टु रहेको बताएको छ ।

गाजामा दुवै पक्षबाट उल्लङ्घनको आरोप लागे पनि युद्धविराम जारी रहेको छ । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भग्नावशेषले भरिएको गाजालाई नियन्त्रणमा लिने र २० लाखभन्दा बढी प्यालेस्टिनीको जनसंख्या स्थानान्तरण गर्ने व्यापक निन्दा गरिएको योजनाका कारण पनि यो क्षेत्र तनावमा परेको छाइजरायलका विदेशमन्त्री गिदोन सारले युद्धविरामको दोस्रो चरणका विषयमा यसै हप्तादेखि वार्ता सुरु हुने बताउनुभएको छ ।

# अन्तर्राष्ट्रिय महिला फुटबल: म्यानमार विजयी



काठमाण्डु । अन्तर्राष्ट्रिय महिला फुटबलप्रतियोगिताअन्तर्गत विहिबार भएको खेलमा म्यानमारले कीर्गिस्तानलाई पराजित गरेको छ।


त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सम्पन्न खेलमा म्यानमारले कीर्गिस्तानलाई ५-० गोलअन्तरले पराजित गरेको हो । जितसँगै दुई खेलबाट छ अङ्क बटुलेको म्यानमारको फाइनल पुग्ने सम्भावना बलियो बनेको छ ।

म्यानमारले यसअघि लेबनानलाई ३-१ गोलअन्तरले हराएको थियो । कीर्गिस्तान भने जितविहीन रहेको छ । यसअघि कीर्गिस्तान नेपालसँग १-० गोलअन्तरले पराजित भएको थियो ।

विहिबार म्यानमारको जितमा युन वादी एलाइङ र मे हेट लुले समान दुई/दुई गोल गरे भने सानदार लिनले एक गोल थपिन् । युनले खेलको दोस्रो मिनेटमै नै गोल गरिन् । त्यस्तै खेलको ३०औँ मिनेटमा सानदारले गोल गर्दै टोलीको अग्रता दोब्बर बनाइन् ।त्यसपछि खेलको ३६औँ मिनेटमा नै मे हेटले गोल गर्दै टोलीको अग्रता तेब्बर बनाइन् । पहिलो हाफ सकिन चार मिनेट बाँकी रहँदा युनले व्यक्तिगत दोस्रो गोल गर्दै पहिलो हाफमा ४-० को अग्रता दिलाइन् ।

खेलको दोस्रो हाफमा मे हेटले अर्को गोल गरिन् । खेलको ४९औँ मिनेटमा मे हेटले गोल गरेसँगै म्यानमार ५-० ले विजयी भयो । उक्त प्रतियोगिताअन्तर्गत विहिबारै साँझ ६ बजे हुने अर्को खेलमा नेपाल र लेबनानबीच प्रतिस्पर्धा भएको छ ।रासस

# पोपको स्वास्थ्यमा क्रमिक सुधार



एएफपी

भ्याटिकन सिटी । पोप फ्रान्सिसको स्वास्थ्यमा सामान्य सुधार देखिएको छ। बिहीबार राति उहाँ आरामसँग निदाउनुभएको र बिहान कुर्सीमा बसी नास्ता लिनुभएको उहाँको उपचारमा संलग्न भ्याटिकनले अस्पतालका चिकित्सकहरूले बताएका छन् ।

उहाँ ब्रोन्काइटिसका कारण गत शुक्रबार रोमको जेमेली अस्पतालमा भर्ना हुनुभएको थियो ।

उपचारकै क्रममा ८८ वर्षीय क्रिश्चियन धर्मगुरू पोपको दुवै फोक्सोमा निमोनिया देखिएको थियो । अस्पतालले बुधबार साँझ जारी गरेको अपडेटमा पोपको रगत परीक्षणमा 'सामान्य सुधार' देखिएको र उनको स्वास्थ्य अवस्था स्थिर रहेको जनाएको छ।

यसैबीच, धर्मगुरू पोपलाई इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले भेट गर्नुभएको छ । "करिब २० मिनेटको भेटमा प्रधानमन्त्री मेलोनीसँग स्वभाविक कुराकानी भएको र उहाँलाई स्वागत गर्न धर्मगुरूसँग पर्याप्त ऊर्जा थियो," अस्पताल स्रोतले बताएको छ । प्रधानमन्त्री मेलोनीले एक विज्ञप्ति जारी गर्दै उहाँलाई 'सतर्क र उत्तरदायी' महसुस गरेको बताउनुभएको छ । "हामी सधैंझैं ठट्टा गर्‍यौं । उहाँले आफ्नो हास्यबोध गुमाउनुभएको छैन," मेलोनीले भन्नुभयो ।

पोपले हालैका वर्षहरूमा ठूलो आन्द्रा र हर्नियाको शल्यक्रियादेखि लिएर हिँडडुलमा समस्याजस्ता थुप्रै समस्याहरूको सामना गर्नुपरेको छ ।

पछिल्लो समय उहाँ ब्रोन्काइटिसको उपचारका लागि अस्पताल हुनुभएको थियो तर उपचारका क्रममा उहाँमा निमोनियाको पनि समस्या देखिएको छ । अस्पतालको बसाइ लम्बिएसँगै आएका विविध हल्लाको खण्डन गर्दै भ्याटिकनले उहाँको स्वास्थ्य सुधारबारे नियमित अपडेट गराइरहेको छ । बुधबार साँझ जारी विज्ञप्तिमा पोपले आफ्ना सहकर्मीसँग पनि केही काम गरेको उल्लेख गरिएको छ ।

'मेडिकल स्टाफले गरेको रगत परीक्षण र विशेषगरी इन्फ्लेमेटरी इन्डेक्समा केही सुधार देखिएको छ," विज्ञप्तिमा भनिएको छा"नास्ता लिएपछि उहाँले 'आफ्ना नजिकका सहयोगी'हरूसँग मिलेर काम गर्न अग्रसरता देखाउनुभयो," विज्ञप्तिमा भनिएको छाभ्याटिकन स्रोतले बुधबार पोपले कुनै प्राविधिक सहयोगविना 'आफैंले सास लिइरहेको' र मुटुको धड्कन पनि स्वभाविकरूपमा चलिरहेको बताएको थियो ।

# इरानमा सन् २०२४ मा ९७५ जनालाई मृत्युदण्ड

एएफपी

पेरिस । इरानले गत वर्ष मृत्युदण्डको व्यवस्थामा 'डरलाग्दो वृद्धि' गर्दै कम्तीमा ९७५ जनालाई मृत्युदण्ड दिएको दुई मानव अधिकार समूहले बिहीबार बताएका छन्। नर्वेस्थित इरान ह्युमन राइट्स (आईएचआर) र फ्रान्सेली समूह 'टुगेदर अगेन्स्ट द डेथ पेनल्टी (ईसीपीएम)' का अनुसार सन् २००८ पछि इरानमा सन् २०२४ मा मृत्युदण्डको सजाय सुनाइएको यो सबैभन्दा बढी संख्या हो ।

इरानले मृत्युदण्डलाई 'राजनीतिक उत्पीडनको मुख्य हतियार'का रूपमा प्रयोग गरेको आरोप लगाउँदै संयुक्त प्रतिवेदनमा भनिएको छ, "यो आँकडाले सन् २०२४ मा इरानमा मृत्युदण्डको प्रयोगमा डरलाग्दो वृद्धि भएको देखाउँछ। आईएचआरका निर्देशक महमुद अमिरी मोगद्दामले भन्नुभयो, "यी मृत्युदण्डहरू इस्लामिक गणतन्त्रले सत्तामा आफ्नो पकड कायम राख्न आफ्नै जनताविरुद्ध गरेको युद्धको एक हिस्सा हो। ""इरान र इजरायलबीच युद्धको खतरा बढ्दै जाँदा वर्षको अन्तिम तीन महिनामा हरेक दिन औसतमा पाँच जनालाई मृत्युदण्ड दिइएको छ," उहाँले भन्नुभयो ।

इरानमा सन् २०२३ मा ८३४ जनालाई मृत्युदण्ड दिइएको थियो । गत वर्षको तुलनामा यो बर्ष मृत्युदण्डको सजाय पाएकाको



सत्र्या १७ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।मृत्युदण्ड दिइएका ९७५ जनामध्ये चार जनालाई सार्वजनिक स्थानमा फाँसी दिइएको थियो भने ३१ जना महिला थिए।

**विरोध प्रदर्शन गर्नेलाई समेत मृत्युदण्ड**

मानव अधिकारवादी समूहका अनुसार चीनपछि इरान विश्वकै सबैभन्दा बढी मृत्युदण्ड दिने मुलुक बनेको छ ।

सन् २०२२ मा देशव्यापी विरोध प्रदर्शन सुरु भएपछि जनतामा डर छर्न अधिकारीहरूले मृत्युदण्डको प्रयोगलाई वृद्धि गरेको आरोप उनीहरूले लगाएका छन्।सन् १९७९ को क्रान्तिले पश्चिममा समर्थित मोहम्मद रेजा पहलबी (शाह) लाई सत्ताच्युत गरेपछि स्थापित शरियामा आधारित न्यायिक प्रणालीको प्रमुख खम्बा मृत्युदण्ड हो ।

मृत्युदण्डको सजाय हुने अपराधहरूमा हत्या, बलात्कार र लागूपदार्थका अपराधहरू समावेश छन् तर 'सामाजिक मूल्यमान्यता र मानवीय मर्यादा विपरीत' आचरण र 'राज्यविरोधी गतिविधि' जस्ता अस्पष्ट शब्दहरूको प्रयोग गरी पनि मृत्युदण्डको सजाय दिइने गरेको अधिकारकर्मीहरूले बताएका छन् । उनीहरूका अनुसार यि शब्दजाल सरकारसँग भिन्न धारणा राख्ने असन्तुष्टहरूविरुद्ध प्रयोग गरिने गरेको पाइन्छ ।

हालैका वर्षहरूमा, मृत्युदण्डको सजाय सुनाइएकाहरूलाई प्रायजसो जेल परिसर र कहिलेकाहीं सार्वजनिक रूपमा फाँसी दिएर मृत्युदण्ड दिइने गरेको छ ।

यद्यपि, अन्य विधिहरू विधान पुस्तकहरूमा उल्लेख गरिएअनुसार रहन्छन् ।सन् २०२२ को सेप्टेम्बरमा इरानको अनिवार्य ड्रेस कोड उल्लङ्घन गरेको आरोपमा पक्राउ परेकी इरानी-कुर्दिश महिला महसा अमिनीको हिरासतमा मृत्यु भएपछि सुरु भएको राष्ट्रव्यापी विरोध प्रदर्शनका क्रममा गत वर्ष दुई जनालाई मृत्युदण्ड दिइएको थियो ।

सन् २०२२ को अक्टोबरमा भएको प्रदर्शनका क्रममा एक प्रहरी अधिकारीको कारले हानेर हत्या गरेको आरोपमा २३ वर्षीय मोहम्मद घोबादलुलाई जनवरी २०२४ मा मृत्युदण्ड दिइएको थियो । मानव अधिकारवादी समूहहरूले उनको मुद्दा निकै त्रुटिपूर्ण भएको आरोप लगाएका छन् र न्यायाधीशहरूले उनी द्वीध्रुबी विकार (बाइपोलर डिसअर्डर अर्थात् म्यानिक डिप्रेसन)बाट पीडित भएको प्रतिरक्षामा प्रस्तुत प्रमाणलाई बेवास्ता गरेका छन्।

सन् २०२२ को प्रदर्शनका क्रममा रिभोल्युसनरी गार्डको हत्या गरेको आरोपमा ३४ वर्षीय घोलामरेजारसाइलाईगतअगस्टमा गोप्य रूपमा मृत्युदण्ड दिइएको थियो । अधिकारकर्मीहरूले उहाँको स्वीकारोक्ति यातनाबाट प्राप्त भएको बताएका छन्।

अधिकारवादी समूहहरूले इरानले गत वर्ष थप मृत्युदण्ड दिएको हुन सक्ने प्रमाण रहेको र उनीहरूले आफ्नो प्रतिवेदनको पुष्टि गर्न नसकेको बताएका छन् ।उनीहरूले सन् २०२४ मा थप ३९ जनालाई मृत्युदण्ड दिइएको खबर आएको र दोस्रो स्रोतबाट पुष्टि गर्न नसकिएको बताएका छन् ।

आईएचआरको तथ्याङ्कअनुसार यस वर्ष इरानले कम्तीमा १२१ जनालाई मृत्युदण्ड दिइसकेको छ ।

# भाजपा नेता गुप्ताद्वारा दिल्लीको मुख्यमन्त्रीका रूपमा सपथ ग्रहण

एएनआई

नयाँदिल्ली । भारतीय जनता पार्टी (भाजपा) की विधायक रेखा गुप्ताले बिहीबार दिल्लीको मुख्यमन्त्री पदको शपथ ग्रहण गर्नुभएको छ । शपथ ग्रहण समारोहमा प्रधानमन्त्री मोदीका अलावा भाजपाका अन्य नेताहरु पनि उपस्थित हुनुभएको थियो । समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, संघीय गृहमन्त्री अमित शाह, युनियन मन्त्री जेपी नड्डा, रक्षामन्त्री राजनाथ सिंहलगायत भारतीय जनता पार्टीका शीर्ष नेता, अन्य राज्यका मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरू उपस्थित थिए।

दिल्लीको रामलीला मैदानमा आयोजित एक समारोहमा दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले गुप्तालाई पद तथा गोपनीयताको शपथ दिलाउनुभएको थियो ।समारोहमा मुख्यमन्त्री गुप्ताले सपथ ग्रहण गरेसँगै उहाँको मन्त्रीमण्डलमा भाजपाका प्रवेश वर्मा, मनजिन्दर सिंह सिरसा, रविन्द्र इन्द्रराज सिंह, आशिष सूद, कपिल मिश्रा र पंकज कुमार सिंहले मन्त्रीपदको सपथ लिनुभएको छ ।

राष्ट्रपति द्रोपदी मुर्मूले गुप्तालाई मुख्यमन्त्रीको रूपमा औपचारिक जानकारी गराउँदै गृह मन्त्रालयले राजपत्रमा जारी गरेको सूचनामा भनिएको छ, "गुप्तालाई सङ्घीय राजधानी क्षेत्र दिल्लीको मुख्यमन्त्रीको रूपमा नियुक्त हुनुभएको छ । मैले उहाँलाई दिल्लीको जिम्मेवारी सुम्पिन पाउँदा निकै



खुशी लागेको छ । नियुक्ति शपथ लिएको मितिदेखि लागू हुनेछ।"

७० सदस्यीय दिल्ली विधानसभामा भाजपाले ४८ सिट जितेको छ ।सांसद रेखा गुप्ताले यो ' चमत्कार' र 'नयाँ अध्याय' भएको र यसले राजनीतिमा महिलाका लागि परिवर्तनकारी अध्यायको सुरुवात गरेको बताउनुभएको छ । पत्रकारसँग कुरा गर्दै गुप्ताले भ्रष्टाचारीलाई जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गर्दै हरेक रुपैयाँको दुरुपयोगको जवाफ उनीहरूले दिनुपर्ने बताउनुभयो ।

"यो एक चमत्कार हो, यो एक नयाँ प्रेरणा र नयाँ अध्याय हो। यदि म मुख्यमन्त्री बन्न सक्छु भने यसको अर्थ सबै महिलाका लागि बाटो खुला छ ।" उहाँले आफ्नो नेतृत्वमा रहने सरकारले जो कोही भ्रष्टाचारी भए पनि एक-एक रुपैयाँको हिसाब किताब माग्ने बताउनुभयो ।

साथै, उहाँले भारतीय जनता पार्टीको उच्च नेतृत्तप्रति कृतज्ञता व्यक्त गर्दै राष्ट्रिय राजधानीमा शासन गर्न आफूमाथि विश्वास गरेकोमा आभार व्यक्त गर्नुभयो । यो ठूलो जिम्मेवारी हो । ममाथि विश्वास गरेको प्रधानमन्त्री मोदी र भाजपाको उच्च नेतृत्वलाई धन्यवाद दिन चाहन्छु ।उहाँले भन्नुभयो, "मैले आफ्नो नेतृत्वको जिम्मेदारीको पूरा ईमानदारीका साथ पूरा गर्नेछु । मेरो पहिलो प्राथमिकता हाम्रो पार्टीले गरेका सबै प्रतिबद्धताहरू पूरा गर्नु हो र दोस्रो प्राथमिकता भनेको हाम्रा सबै ४८ विधायकहरूले टीम मोदीको रूपमा काम गर्नेछन्।"

यसअघि, भारतीय जनता पार्टी (भाजपा) का नवनिर्वाचित विधायकहरूको बैठकले रेखा गुप्तालाई विधायक दलको नेतामा चयन गरेको थियो ।यसैबीच, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गुप्ताको तल्लो तहको देखि महत्वपूर्ण राजनीतिदेखि मुख्यमन्त्री पदसम्मको यात्राबारे प्रकाश पार्दै उहाँको नेतृत्वमाथि विश्वास व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री मोदीले भन्नुभएको छ, "गुप्ताजीलाई दिल्लीको मुख्यमन्त्री को रूपमा शपथ लिनुभएकोमा बधाई ।

उहाँ क्याम्पसको राजनीति, राज्य सङ्गठन, नगरपालिका प्रशासन र अहिले विधायक र मुख्यमन्त्रीमा सक्रिय हुनुहुन्छ। मलाई विश्वास छ, उहाँले दिल्लीको विकासका लागि पूर्ण उत्साहका साथ काम गर्नुहुनेछ । फलदायी कार्यकालका लागि उहाँलाई मेरो शुभकामना ।"

# दक्षिण अफ्रिकामा जी-२० विदेशमन्त्रीहरूको बैठक सुरु हुँदै

एपी

जोहानेसबर्ग । जी-२० देशका विदेशमन्त्रीहरूको बैठक बिहीबार जोहानेसबर्गमा सुरु हुनेछ तर दक्षिण अफ्रिका र अमेरिकाबीचको कूटनीतिक तनावका बीच अमेरिकी विदेशमन्त्री मार्को रुबियो उपस्थित हुनुहुने छैन ।

रूसी विदेशमन्त्री सेर्गेई लाभरोभ र चिनियाँ विदेशमन्त्री वाङ यी लगायत कूटनीतिज्ञहरू यस भेलामा उपस्थित हुने अपेक्षा गरिएको छ भने अमेरिकाको प्रतिनिधित्व दक्षिण अफ्रिकाका लागि कार्यवाहक राजदूत डाना ब्राउनले गर्नुहुनेछ।

जी-२० को हिस्सा रहेका युरोपेली सङ्घ (इयु), संयुक्त राष्ट्रसङ्घ र अफ्रिकी सङ्घ सहभागी हुनेछन् ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जारी गर्नुभएको एक कार्यकारी आदेशपछि रुबियोले बैठकमा जान अस्वीकार गर्नुभएको हो । उक्त आदेशले देशको श्वेत अल्पसत्र्यक विरुद्ध भेदभाव हुने गरी कानून बनाएको भन्दै दक्षिण अफ्रिकालाई विदेशी सहायता रोक्ने निर्णय गरेको थियो । अमेरिका अन्तर्राष्ट्रिय न्यायालयमा इजरायल विरुद्ध दक्षिण अफ्रिकाको मुद्दासँग पनि असन्तुष्ट छ ।

दक्षिण अफ्रिकाका विदेशमन्त्री रोनाल्ड लामोलाले रुबियोको निर्णय 'दक्षिण अफ्रिकाको जी-२० को पूर्ण बहिष्कार नभएको' बताउनुभएको छ। उहाँले अमेरिकालाई यस हप्ता जोहानेसबर्गमा 'कुनै न कुनै रूप वा आकारमा' प्रतिनिधित्व गरिने बताउनुभयो।

अमेरिकी वित्तमन्त्री स्कट बेसेन्टले पनि उहाँ अर्को हप्ता दक्षिण अफ्रिकामा हुने जी-२० वित्तमन्त्रीहरूको बैठकमा उपस्थित नहुने स्पष्ट गर्नुभएको छ ।बेसेन्टले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा वासिङ्टनमा दायित्वहरूका कारण उहाँले कार्यक्रममा भाग लिन नसक्ने बताउनुभएको छ । उहाँको स्थानमा वित्त मन्त्रालयका एक वरिष्ठ अधिकारी उपस्थित हुनेछन् ।

# स्वाइन फिभरले १८ बङ्गुर मरेपछि ओसारपसारमा रोक



तनहुँ । अफ्रिकन स्वाइन फिभर रोगबाट जिल्लामा बङ्गुर मर्न र बिरामी हुन थालेपछि ओसार पसारमा प्रतिबन्ध लगाइएको छ । यहाँ १८ वटा बङ्गुर मर्नाका साथै केही बिरामी भएपछि ओसार-पसारमा रोक लगाइएको हो ।

जिल्लामा एक महिनाअघि यस रोगको सङ्क्रमण देखिएको थियो । त्यसयता जिल्लाको भीमादमा १४, शुक्लागण्डकी नगरपालिकामा दुई, व्यासमा एक र ऋषिङमा एक बङ्गुर मरेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख डा राजेश चौधरीले जानकारी दिनुभयो । बाह्य मानिसलाई फार्ममा जान नदिन, सतर्कता अपनाउन र बङ्गुर तथा सुँगुर ओसार-पसारमा प्रतिबन्ध लगाइएको उहाँले बताउनुभयो । डा चौधरीले भन्नुभयो, "केन्द्रका पशु चिकित्सक र प्राविधिक टोलीले हाल जिल्लाका बङ्गुर फार्ममा पुगेर अनुसन्धान गरिरहेका छन् ।

बङ्गुर मरेका फार्ममध्ये ऋषिङबाट पाँच, व्यासबाट पाँच र बङ्गुर नमरेका फार्मबाट दुईवटा गरी १२ वटा बङ्गुरको नमूना परीक्षणका लागि पशुपन्छी रोग अन्वेषण प्रयोगशाला पोखरा पठाइएको छ ।"

यहाँका १० पालिकामध्ये भिमाद, शुक्लागण्डकी र व्यास गरी तीन नगरपालिकामा 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमण देखिएको हो । सबैभन्दा बढी भिमाद नगरपालिका यस रोगबाट प्रभावित भएको छ । जिल्लामा १३ हजार ५०० किसानले ४० हजार बङ्गुर पालेका पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।

यो रोग किर्नाको टोकाइ, दूषित दानापानी, सङ्क्रमित भाँडाकुँडा तथा कपडाबाट तथा सङ्क्रमित सुईबाटसर्ने हुँदा सतर्कता अपनाउन पशु चिकित्सकले सल्लाह दिएका छन् । महामारीका रूपमा रहेको यस रोगको उपचार नहुने भएकाले उच्च जैविक सुरक्षा अपनाउन किसानलाई आग्रह गरिएको छ ।

उक्त रोगविरुद्ध हालसम्म कुनै 'भ्याक्सिन' नबनेकाले सङ्क्रमण नफैलिएका अन्य पालिकामा पनि किसानलाई सतर्कता अपनाउन आग्रह गरिएको छ ।

बङ्गुरमा उच्च ज्वरो आउने, खाना मन नगर्ने, झोक्राउने, पेट तथा कानमा रगतका धब्बा देखापर्ने, एकैपटक धेरै सुँगुर बङ्गुर बिरामी पर्ने र मर्ने जस्ता लक्षण देखिने गरेको डा चौधरीले बताउनुभयो ।रासस

# बिक्री भएन ऊन, विस्थापित हुने जोखिममा 'भेडिहार'



भैरहवा । कोटहीमाई गाउँपालिका- ५ देवनबक्सापुरका रामायन पालले विगत २० वर्षदेखि भेडा पालन गर्दै आउनुभएका छ । उहाँको अधिकांश समय घर बाहिर नै बित्ने गरेको छ ।

भेडा चराउन पाल मर्चवार मात्र नभई भैरहवा, लुम्बिनीलगायत क्षेत्रमा लैजानुहुन्छ । करिब तीन सय भेडाबाट सुरु भएको 'भेडिहार' पालको यो यात्रामा बिराम लाग्ने अवस्था उत्पन्न भएको छ । हाल उहाँसँग ३५ वटा मात्र भेडा छन् । यसअघि चरन क्षेत्रको समस्या थियो नै अब भेडाको ऊन नै बिक्री हुन छाडेपछि पाल मात्र होइन भेडिहार समुदायको पेसा नै लोप हुने अवस्था छ ।

मर्चवारको मुख्य बाटोमा भेडाको रौँ काटेर यत्रतत्र फालिएको भेटिन्छ । भेडाको ऊन बिक्री हुन छोडेपछि भेडिहारले जहा रौँ काट्यो त्यही छोडेर हिँड्ने गरेका छन् । ऊन नै बिक्री हुन छोडेपछि विस्तारै उहाँहरुको रुचि यसबाट घट्न थालेको छ । "पहिला मसँग तीन सय बढी भेडा थिए, ऊन पनि एक सय किलोभन्दा बढी बेच्ने गरेको थिएँ ।" पालले भन्नुभयो, "केही वर्षयता ऊन बिक्नै छोडेको छ । त्यसैले अहिले स‍ङ्ख्या घटाएर ३५ मात्र पालेको छु ।"

यसअघि विभिन्न स्थानबाट क्रेताहरु भेडिहार खोज्दै उहाँहरुको घर वा चरनस्थलमै पुग्ने गरेका थिए । तराईमा सामान्यतः भेडाको मासु पनि खाइँदैन । त्यसैले भेडा पाल्नेको अब आम्दानीको स्रोत शून्य भएको छ ।

भेडाको ऊनबाट बनेका कपडामा उपभोक्ताको रुचि घट्दै गएको कारण ऊन बिक्री नभएको कोटहीमाई गाउँपालिका-३ कुडसर बस्ने वरुनदेव पाल बताउनुहुन्छ । "पहिला भेडाको ऊनबाट बनेको कपडाको माग उच्च रहेको थियो र यस पेसाबाट धानिन बल पुगेको थियो ।" उहाँले भन्नुभयो, "अहिले त्यस्ता उद्योग बन्द हुँदै गएकाले पनि यसको माग नभएको हुन सक्छ ।"

भेडाको ऊनबाट कम्बल, स्विटर, टोपीलगायत न्याना कपडा बुनिन्छ तर आधुनिक ब्लाङ्केटले यसलाई विस्थापित गरेको छ । ब्लाङ्केट रु दुईदेखि तीन हजारमा पाइन्छन् तर ऊनबाट बनाइएका कम्बल तुलनात्मक रुपमा महँगा भएकाले ऊनको माग घटेको उहाँको बुझाइ छ ।

यसबाहेक अहिले तराईमै भेडाहरुको लागि चरन क्षेत्रको समस्या पनि छ । "पहिला धेरै खेत थिए चरन क्षेत्र पनि प्रशस्त हुन्थ्यो", स्थानीय नापु पालले सुनाउनभयो, "चरनक्षेत्र अभावमा अब भेडा पाल्न गाह्रो छ ।"

मर्चवारको कोटहीमाई गाउँपालिका-३र ५ को सम्मरीमाई गाउँपालिकालगायत जिल्लामा भेडा पाल्नेहरु उल्लेख्य संख्यामा थिए । एक दशकअघि ३० हजारभन्दा बढी भेडा आफूहरुले पालेको पाल बताउहुन्छ । चरन क्षेत्रको कमी, ऊन र दूध र मासु पनि बिक्री नहुने भएपछि घरखर्च जुटाउन बाध्य भएर वैकल्पिक पेसामा लाग्नुपरेको उहाँको गुनासो छ ।

भेडापालकलाई जोगाउन स्थानीय सरकारले सघाउनुपर्ने स्थानीयको माग छ । स्थानीय समाजसेवी गणेश पाल परम्परागत पेसालाई जोगाउन स्थानीय सरकारले सघाउनुपर्नेमा जोड दिनुहुन्छ । ऊन खरिद र बजारीकरणमा पालिकाले सहयोग गर्नुपर्ने उहाँको सुझाव छ । यसले 'एक स्थानीय तह, एक उत्पादन'को नीति कार्यान्वयन गर्न सहयोग पुग्ने उहाँ बताउनुहुन्छ ।रासस

# बाँझो जग्गामा ओखरखेती

गलकोट ।बागलुङको तित्याङमा ओखरखेती विस्तार गरिएको छ । बसाइँसराइका कारण खेतीयोग्य जग्गा बाँझिदै गएपछि बागलुङ नगरपालिकाले बाँझो जग्गा सदुपयोग गर्न तित्याङमा करिब तीन सय रोपनी जग्गामा ओखरखेती थालेको छ ।

नगरपालिकाले गत वर्षदेखि बाँझो जग्गामा रहेका कुकाठ हटाउने अभियानसँगै सुक्खा फलफूलखेती गर्न स्थानीयलाई प्रेरित गर्न थालेको हो । बागलुङ नगरपालिका-९ तित्याङको डोय क्षेत्रमा गत वर्ष र यस वर्ष गरी २८० रोपनी जग्गामा ओखरखेती विस्तार गरिएको वडाअध्यक्ष राजु थापाले जानकारी दिनुभयो ।

तित्याङमा गत वर्ष प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत रु १० लाख र स्थानीयको रु आठ लाख लगानीमा एक सय ४० रोपनी जग्गामा दुई हजार २५० ओखरका बिरुवा लगाइएकामा यस वर्ष नगरपालिकाको रु १२ लाख र स्थानीयको रु आठ लाख गरी रु २० लाखमा जुरेढुङ्गा क्षेत्रको १४० रोपनी जग्गामा एक हजार ५०० ओखरका बिरुवा लगाउन थालिएको वडाअध्यक्ष थापाले बताउनुभयो ।

उहाँका अनुसार यस वर्ष रु २० लाखबाट बिरुवा खरिद, रोपण, सिँचाइ पोखरी निर्माण र मलखादको व्यवस्थापन गर्नेलगायत काम भइरहेका छन् । जुरेढुङ्गाका कृष्णबहादुर खड्का, रविन थापा र यामबहादुर थापालगायतको बाँझो जग्गामा व्यावसायिक ओखरखेती थालिएको छ । सिँचाइको अभाव रहेको र बाँझो जग्गामा सुक्खा फलफूलखेती राम्रो हुने भएकाले कुकाठ हटाएर बाँझो जग्गा सदुपयोग गर्न थालिएको बागलुङ नगरपालिका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो ।

पछिल्लो समय बसाइँसराइले गाउँबस्ती रित्तिँदै गएपछि उजाडिएको बारी र जङ्गल फाँडेर ओखरखेती विस्तार भइरहेको जुरेढुङ्गा कृषक समूहका अध्यक्ष लिलाबहादुर खड्काले बताउनुभयो । एक हजार ६०० मिटरदेखि तीन हजार मिटरसम्म लगाउन सकिने दाँते ओखरको 'थिनसेल' जातको बिरुवा बागलुङको हावापानीमा लगाउन सकिने भएकाले जुम्लाबाट बिरुवा ल्याएर रोपिएको नगरपालिकाकी कृषि प्राविधिक लछुता बरुवालले जानकारी दिनुभयो । रासस

# पानीलाई अमृत वर्षाको सङ्ज्ञा दिँदै रसुवाका किसान हर्षित

रसुवा । यस वर्षको हिउँदमा वर्षा नभएपछि चिन्तित हिमाली जिल्ला रसुवाका किसान अहिले खुसी देखिएका छन् । गत असोज १२ गतेपछि करिब पाँच महिना वर्षा नहुँदा आलु, गहुँलगायतका बालीनाली ओइलिएर सखाप भएको अवस्थामा परेको पानीका कारण स्थानीय कृषक खुसी भएका हुन् । यार्सा दोक्लाङका किसान रामकाजी तामाङ जमिनमा चिसोपनको अभावले ओइलाउन थालेका बारीका गहुँका बोट यही मङ्गलबारको वर्षासँगै जागाराम हुन थालेकामा हर्षित देखिनुहुन्छ । उहाँले भन्नुभयो, "खेतीपाती गरी जीविका चलाइरहको जिल्लाका म जस्तै किसान अहिलेको वर्षापछि खुसी छौँ, ढिलै भए पनि धन्न पानी पऱ्यो, बालीनालीले जीवन पाए, धेरैथोरै उब्जाउ होला नै, अब भने बाँच्ने भइयो ।"

वर्षाका कारण हिउँदे बालीको जरामा चिसोपन बस्नाका साथै आलु रोप्न पाइने भएको छ । उत्तरी रसुवामा वर्षे आलु र मकै तथा दक्षिणी भेकको प्रमुख बाली मकै लगाउने समय नजिकिँदै गर्दा आएको वर्षालाई आफूहरूले अमृतका रुपमा लिएको स्थानीय किसानको भनाइ छ । रासस

## मालपोत कार्यालय मौलापुर, रौतहट

## ३५ दिने सार्वजनिक सुचना

रौतहट साबिक गाविस देवाही वार्ड नं.८ हाल देवाहीगोनाही न.पा.वडा नं.४ मा बस्ने सेख मसिरले आफनो बाबु नाताको सेख रसिदको नामदर्ताको तपसिलका जग्गाहरुको मोठ श्रेस्ता फेला नपरेकोले किताहरुको मोठ श्रेस्ताकायम गरी आफनो संयुक्त नाममा नामसारी गर्न द.न.७६५६ मिती२०८१।१०।२० गतेको माग निवेदन पर्न आएको हुँदा तपसिलमा उल्लेखित जग्गामा अरु कसैको हकदाबी छ वा छैन? निजको नाममा नामसारी भई गएमा कसैको हक जान्छ कि? सर्वसाधारणको जानकारीको लागी यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफनो हकदावीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा माग दावी बमोजिन नामसारी भै जाने व्यहोरा यसै सूचनामार्फत जानकारी गराईन्छ ।

माग जग्गाहरुको मोठ भिडान हुदाँ उक्त ज.धको मोठ श्रेस्ता खोजतलास गर्दा फेला नपरेको र उक्त जग्गाहरु रसिद शेखको नाममा रोक्का देखिदैन भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ । देवाही गोनाही न.पा. वार्ड नं. ४ को च.नं. ७२७ मिति २०८१।१०।२० गतेको पत्रबाट जग्गाधनी शेख रसिद भने रसिद शेख र निजको एकमात्र श्रीमति फरिदन खातुनको मृत्युपछि हकखाने २ मात्र छोरा शेख बसिर र शेख मसिरबाहेक अरु कोही हकदार नरहेकोले मरुवा शेख रसिद भने रसिद शेखको नामदर्ताको माथि उल्लेखित जग्गाहरु छोराहरु शेख बसिर र शेख मसिरको संयुक्त नाममा नामसारी गर्न लेखिआएकोमा यी माथि उल्लेखित किताहरुको मोठ श्रेस्ता फेला नपरेकोले मोठ श्रेस्ता कायम गरी निवेदकहरु शेख वसिर र शेख मसिरको सयुक्त नाममा नामसारी गरिदिएमा कसैको हक जान्छ कि उक्त जग्गा माग गर्नेको सो जग्गाहरुमा निजको हक पुग्छ कि पुग्दैन कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन ? उक्त जग्गाहरु हाल कस कसको हकभोगमा रहेको छ ? निवेदकहरु र मृतकविच के नाता सम्बन्ध रहेको छ ? सो जग्गाहरु कनै किसिमले बिक्रीवितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ?शेख रसिद र रसिद शेख दुवै नाम गरेको एउटै व्यक्ति हुन् कि फरक व्यक्ति हुन् ज.ध. शेख रसिदको कति जना छोराछोरी छन मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन? फरक पर्ने भए यस कार्यालयवाट प्रकाशित सुचनाको ३५ दिनभित्र बाटोको म्यादबाहेक स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा कानुन बमोजिम भई जानेछ । यसै सुचनाद्वारा जानकारी गराईन्छ

| गापा/नपा | वडा न. | कि.न. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| करुनिया | ८क | ७० | ०-५-० | रसिद सेख खापटोल देवाही |
| करुनिया | ८क | ७१ | ०-१-० | रसिद सेख खापटोल देवाही |
| करुनिया | ८क | १८८ | ०-६-१० | रसिद सेख खापटोल देवाही |
| करुनिया | ८क | २७६ | ०-१-० | रसिद सेख खापटोल देवाही |
| करुनिया | ८क | २९३ | ०-०-११ | रसिद सेख खापटोल देवाही |
| करुनिया | ८क | ४२६ | ०-०-१० | रसिद सेख खापटोल देवाही |
| करुनिया | ८क | ४३७ | ०-३-१५ | रसिद सेख खापटोल देवाही |
| करुनिया | ८क | ४४६ | ०-१-१० | रसिद सेख खापटोल देवाही |

## भूमि सुधार तथा मालपोत कार्यालय, गौर रौतहट

## नामसारीको हकदाबीबारे ३५ दिने सर्वजनिक सुचना

विदेश भारत बिहार पुर्वी चम्पारण ग्राम पंचायत तेलहाराकाला अन्तरगत ग्राम हिरापुरमा बस्ने स्व. बृज चौधरी भन्ने बृज किशोर चौधरीको नाति स्व.रामानुज शर्माको छोराहरु शैलेन्द्र कुमार शर्मा,डा. त्रिलोकी शर्मा र पुरुषोत्तम कुमार शर्मा समेतले रौतहट जिल्ला अदालत गौरको ०७१-CG-०२४३ र मुद्धा नं. ०७१-CP-०४३ मिति २०७४।०९।२४ को फैसला साथै रौ.जि.अ.गौरको चलानी न ३१५३ मिति २०८०।५।२५ दा.खा.जनाउ बमोजिम तपशिलमा उल्लेखित हक कायम गरी दा.खा.गरी पाउँ भनी द.न. ४६०४ मिति २०८१।०९।०४ र ग्राम पंचायत राज तेलहार कला प्रखण्ड ढाका पुर्वी चम्पारण विहारको पत्रांक ४५दिनांक २१।०६।२४ को सिफारिस समेतले शैलेन्द्र कुमार शर्मा, डा. त्रिलोकी शर्मा र पुरुषोत्तम कुमार शर्मा नाउँमा हक कायम गरी दा.खा. नामसारी गरीदिने भनी सिफारिस भई आएकोमा यस कार्यालयको मिति २०८१।११।६ आदेशानुसार निज जग्गाधनी उपेन्द्र राय यादवको पत्नी, छोरा, छोरी वा अन्य हकदार,अंसियार भएको भए/नभएको तथा नामसारी हुनु पर्ने/नपर्ने बारे यो सर्वजनिक सुचना प्रकाशित गरिएको छ । निवेदकहरुको नाममा नामसारी हुनु वा अन्य कोई हकदार भए स-प्रमाण सहित यो सुचना प्रकाशित भएको ३५ दिन भित्र यस कार्यालयमा आफु वा रीतपुर्वकको वारिस मार्फत प्रतिवाद गर्ने आउनु हो, अन्यथा सोही बमोजिम नामसारी भई जाने छ ।

| जिल्ला | गाविस | वार्ड न. | कि. न. | जग्गा विवरण | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | औरैया | ५ | ४५४ | १-१-१० | नाम : उपेन्द्र राय यादब ठेगाना : इनवारी वार्ड न.१ बुवाको भिखारी राय यादब बाजे पालधारी राय |
| रौतहट | औरैया | ५ | ५१० | ०-१-९ | |
| रौतहट | औरैया | ५ | ५१५ | ०-८-० | |

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसिल बमोजिमका ग्राहकहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा ऋण लिई हाल सम्म नबुझाई भाका नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने ऋणको सांवा तथा हर्जाना व्याज समेत नबुझाएको हुंदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ को दफा ५७ (१) र यस बैंकको नियमानुसार ऋण लिंदा बैंकसंगको सहमति सम्झौता अनुसारको तपाईको तथा एकाघर परिवारको नाउंमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सांवा व्याज र हर्जाना व्याज असूल उपर गरिने व्यहोरा पनि जानकारी गराउंछौं ।

**शाखा कार्यालय : कृषि विकास बैंक, शाखा कार्यालय सबैला, धनुषा**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | पिता/ पतिको नाम | बाजे / ससुरा | मिसिल न. | कर्जाको उदेश्य | सांवा रकम बांकी | २०८१ माघमसान्त सम्मको ब्याज तथा अन्य पाउनु पर्ने | जम्मा तिर्नुपर्ने रकम | ग्रहक नं | मोवाईल न. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | यदुकहा साना किसान कृषि स.सं.लि./विनोद महतो | यदूकहा | रामविलास महतो | | २४२४० | सहुलिय कर्जा | ४७५९०९०१९३ | १०९५४९९ | ५८५४५८९१९३ | १९५२६२५ | ९८४४०७२४९९ |
| २ | प्रमोद कुमार यादब | मि.नकास ०४ | बिल्टु यादब | कहर अधिकारी | २३७९२ | ब्यपार | ५००००० | ५९२६३ | ५५९२६३ | ९८७११२ | ९८२३५२५२२४ |
| ३ | विकेश किराना स्टोर्स/प्रो बबरलाल साह | सवैला ०१ | सिकिलाल साह | दुखरन साह | २४२६६ | व्यापार | ४०००००० | ३०९३३३ | ४३०९३३३ | १९७६१८९ | ९८०७६५७४९० |
| ४ | रामविनोद यादव | मिथिला विहारी ०२ | सोनफी यादव | रवि यादव | २४२८४ | सरल कृषि कर्जा | ९९५००० | १४०६२८ | ११३५६२८ | ५१९२७९० | ९८१९८०८१४६ |
| ५ | बिजय नरायण यादब | बरमझिया ०७ | सहदेब यादब | रामफल यादब | २४०८६ | सरल कृषि कर्जा | ६२५००० | ३३६३८ | ६५८६३८ | १८१४४७३ | ९८०७८४५३०२ |
| ६ | अम्विका पंजियार | सवैला ०८ | जितनारायण महतो | अनिरुद महतो | २३८११ | घरायसी र सरल कृषि | ९००००० | ५०३६१ | ९५०३६१ | ९८७२२८ | ९८२१७८८४९८ |
| ७ | अधिकारी किराना पसल/ दिपनारायण अधिकारी | रघुनाथपुर ०९ | सुवध अधिकारी | | ३६०३ | व्यापार | ४०००००० | ११४३४७ | ४११४३४७ | ९८७११३ | ९८१९८२२८८९ |
| ८ | जयसवाल कनस्ट्क्सन/प्रो राकेश कु. जयसवाल | सबैला ३० | रामचन्द्र प्रसाद जयसवाल | मूगललाल जयसवाल | २४१०० | सरल ठेक्का कर्जा | ४२४६२६७ | २८१६९० | ४५२७९५७ | १७७९४५४ | ९८१८०६३८७६ |
| ९ | जानकी हाडवोयर /प्रो रंजित कुमार यादव | मिथिला विहारी ०२ | राजकुमार यादव | सोनेलाल यादव | २३९०९ | व्यापार | ५०००००० | १३९१९० | ५१३९१९० | ९८७२४८ | ९८१९८७०३५६ |
| १० | शान्ती कुमारी देवी यादवनी | धनुषागोविन्दपुर ७ | शिवजी यादव | रामजी यादव | २४२९८ | सरल कृषि कर्जा | २०००००० | १०२७७४ | २१०२७७४ | ५२०७२२६ | ९८०७८३१९९६ |
| ११ | सुसान्त मत्सय पालन/प्रो रिम्पु कुमारी | शहिदनगर ०१ | जय प्रकाश यादव | भगत गोईत यादव | २४००३ | सहुलिय कर्जा | ४०००००० | ४२२५४६ | ४४२२५४६ | १५८९०७६ | ९८१६८९९७९४ |
| १२ | गिता पेन्टस एण्ड टेडर्स/ प्रो सजय कुमार ठाकुर | धनुषाधाम ०३ | सामन ठाकुर | गणेशी ठाकुर | २४२९३ | व्यापार | २५००००० | २५८५६६ | २७५८५६६ | ५२१५४३९ | ९८०९६७३९२९ |
| १३ | विल्टु राम साह | सवैला ११ | रामप्रसाद साह | वद्री साह | २४०३६ | सरल कृषि कर्जा | २०००००० | ५७५२० | २०५७५२० | ९८७२८३ | ९८२६८५२६५१ |
| १४ | प्रभुनाथ यादव | सवैला ११ | अयोधी यादव | जिवछ यादव | २४०३८ | सरल कृषि कर्जा | ५२५००० | १७२१४ | ५४२२१४ | १७१९०९९ | ९८११९३२००८ |
| १५ | श्रीसुनवरसी वचत तथा ऋण सहकारी संस्था | शहिदनगर ०३ | रामलखन भिमवार | | ४७०७ | व्यापार | १९००००० | ८७५२७ | १९८७५२७ | ९८७८५० | ९८१५८६४२३१ |
| १६ | अर्पना कृषि फर्म/ववित‍ा कुमारी यादव | मिथिला विहारी ०४ | रामदेव यादव | संतोषी यादव | २४०१८ | सहुलिय कर्जा | ३९००००० | १८७०२६ | ४०८७०२६ | १८०५३६७ | ९८१२१४९६३१ |
| १७ | न्यु साहिल हाडवेयर/प्रो मूस्ताक शेष | सवैला ११ | ओहिद शेष | शेष सवजन | २४३४२ | व्यापार | ३०००००० | १८३०७४ | ३१८३०७४ | ५३५४१२३ | ९८०४८२८५५५ |
| १८ | अवध राय अमात | धनुषाधाम ०२ | लखन राय | कारी राय | २४०३९ | सरल कृषि कर्जा | २०००००० | ३३०२०७ | २३३०२०७ | १७३४४४२ | ९८०२०३२३२६ |
| १९ | रामराजी देवी यादव | सवैला ९ | महेश यादव | उतिमलाल यादव | ४६९२ | सरल कृषि कर्जा | ६००००० | ७९२१२ | ६७९२१२ | ९८७२२२ | ९८२५८६४८५९ |
| २० | रमाकान्त राउत अमात | सवैला ९ | जयलाल राउत अमात | ज्ञानचन राय अमात | ३३०६ | घरायसी | ३००००० | ३९२७४ | ३३९२७४ | ९८७२६१ | ९८०९६२३२८४ |
| | | | | | | कुल जम्मा | ४७७५०३५७९३ | ३९८८८८९ | ५१७३९२४६१९३ | | |

Agricultural Development Bank Ltd.

कृषि विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

मधेश प्रदेश कार्यालय जनकपुर

# दर्ताबिनाका १७ निजी अस्पताल बन्द



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशको राजधानी जनकपुरधामसहित मुख्य शहरहरुमा छापामारी दर्जनभन्दा बढी अवैध अस्पताल बन्द गराएको छ।

जनकपुरधाम, वीरगञ्ज, बर्दिवास र लालगढका १७ वटा दर्ताबिना सञ्चालनमा रहेका निजी अस्पताललाई बन्द गरेको छ। प्रदेश सरकारले यस्ता अस्पताललाई बन्द गरेर सरकारी प्रक्रियामा ल्याउने निर्देशन दिएको छ।

मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधामका ४० वटा निजी अस्पतालको छड्के निरीक्षण गरेका थिए । सो निरीक्षणका क्रममा १५ वटा अस्पताल अवैध पाइएको र त्यसैले बन्द गरिएको जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरले जानकारी दिए।

जनकपुरधामका १५ अस्पताललाई सरकारी मापदण्ड नपुगेको कारण ताला लगाइएको छ भने १६ वटा अस्पताल नवीकरण नगरी सञ्चालनमा रहेको पाइएको छ । यसबाहेक, जनकपुरधामका ९ वटा निजी अस्पतालको सबै प्रक्रिया ठीक देखिएको छ।

मुख्यमन्त्री सिंहको निर्देशन अनुसार जनकपुरधामका दर्ताबिनाका अस्पताललाई बन्द गरिएको छ भने नवीकरण नगरी सञ्चालन भइरहेका अस्पताललाई सरकारी प्रक्रिया पूरा गर्न भनिएको छ।

त्यस्तै मुख्यमन्त्री सिंहले वीरगञ्जका ७ वटा अस्पतालको छड्के निरीक्षण गरेका छन् । त्यसमध्ये एक अस्पताल - नेपाल इन्डो हस्पिटल एण्ड आई सेन्टरलाई दर्ताबिना सञ्चालन गरेको पाइएपछि बन्द गरिएको जनस्वास्थ्य अधिकृत ठाकुरले जानकारी दिए । वीरगञ्जका अन्य दुई अस्पतालले नवीकरण नगरेको भेटिएको छ।

महोत्तरीको बर्दिवास र धनुषाको लालगढमा रहेका निजी अस्पतालको पनि छड्के निरीक्षण गरिएको छ । बर्दिवासको सिटी केयर अस्पतालले नवीकरण नगरेको पाइएपछि प्रक्रिया पूरा गर्न भनिएको छ भने लालगढ हेल्थ केयर अस्पतालको दर्ता नभएको कारण बन्द गरिएको छ।

यसैबीच, मुख्यमन्त्री सिंहले वीरगञ्जको क्यासिनोमा पनि अनुगमन गरेका छन् । वीरगञ्जको क्यासिनोमा नेपाली नागरिकहरूको निर्बाध आवागमन भइरहेको र एक नेपालीले ४० लाख रुपैयाँ गुमाएको जानकारी पाएपछि सिंह क्यासिनोको अनुगमन गर्न पुगेका थिए।

यस क्रममा होटल सुरजको क्यासिनोमा जुवा खेलिरहेको एक नेपाली नागरिकलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ।

क्यासिनोमा अभिलेख व्यवस्थित नगरेको देखिएपछि मुख्यमन्त्री सिंहले दुवै क्यासिनो व्यवस्थापकलाई एक हप्ताभित्र परिचयपत्रसहितको सूची, सीसीटीभी फुटेज, कर्मचारी विवरण र अन्य आवश्यक कागजात लिएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपस्थित हुन निर्देशन दिएका छन्।

# मौखिक आश्वासनसंगै टुट्यो आमरण अनसन

**खाप नाकामा छोटी भन्सार सञ्चालन र चारचक्के सवारी साधन आवागमनको माग गर्दै परोहा नगरपालिका ९ का अवकास प्राप्त शिक्षक ६५ वर्षीय महमद तजमुल, पूर्व गाविस उपाध्यक्ष ६७ बर्षीय जगतलाल यादव, नेपाल जनता पार्टीका प्रदेश सदस्य ५५ बर्षीय साहेब लाल साह बुधवार बिहान १० बजेदेखि आमरण अनसनमा बसेका थिए ।**

**सञ्जय मिश्रा**

रौतहट । रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको मौखिक आश्वासन संगै रौतहटको परोहा नगरपालिका दशगज्जा छेउमा आमरण अनसन बसेकाहरुले अनसन तोडेका छन्।

गएराति अनसन स्थलमै पुगेका सिडियो रेग्मीले अनसनकारीको माग अनुसार खाप नाका भएर चारचक्के गाडी आवत जावतको लागी भारतीय पक्ष संग पहल गरी खुलाउने आश्वासन दिए पछि सहमती भएको थियो।

सहमतिपछि प्रमुख जिल्ला अधिकारी रेग्मीले तीनैजना आन्दोलनकारी लाई जुस ख्वाएर अनसन तोडाएका थिए।





चारचक्के गाडीको आवागमन सुचारु गराउन पहल गर्ने तर छोटी भन्सार सञ्चालन गराउन नसकिने अवस्था रहेको उनको भनाइ छ।

खाप नाकामा छोटी भन्सार सञ्चालन गर्न पारी भारत तर्फ कस्टम कार्यालय अनिवार्य हुन्छ, तर त्यो सम्भव नै नरहेको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताएको समाजसेवी महमद अब्दुल्लाह ले बताएका छन् । प्रमुख जिल्ला अधिकारीको आश्वासन लगत्तै आन्दोलनकारी संग सहमती गरी उनले जानकारी दिएका छन्।

खाप नाकामा छोटी भन्सार सञ्चालन र चारचक्के सवारी साधन आवागमनको माग गर्दै परोहा नगरपालिका ९ का अवकास प्राप्त शिक्षक ६५ वर्षीय महमद तजमुल, पूर्व गाविस उपाध्यक्ष ६७ बर्षीय जगतलाल यादव, नेपाल जनता पार्टीका प्रदेश सदस्य ५५ बर्षीय साहेब लाल साह बुधवार बिहान १० बजेदेखि आमरण अनसनमा बसेका थिए।

२००७ सालमा देशमा प्रजातन्त्र बहाली भएसंगै छोटी भन्सार खाप सञ्चालन भएको थियो।

तत्कालीन विद्रोही माओवादी सशस्त्र विद्रोहको समय असुरक्षाको कारण देखाउँदै उक्त भन्सार जिल्ला भन्सार कार्यालय गौरमा मर्ज गरिएको समाजबादी नेता तथा परोहाका मेयर प्रत्याशी शेख अब्दुल्लाहले बताए । छोटी भन्सार डेढ दशक अघि बन्द भएपनि चारचक्के सवारी साधन भने बिगतको जस्तै भइरहेको थियो।

तर बिश्व ब्यापी रूपमा चलेको कोरोना महामारीको समय देखि भारतीय सीमा सुरक्षा बल एसएसबीले सानो नाकाबाट सवारी साधन आवतजावतमा रोक लगाएको छ।

कोरोना पछी सीमा नाकामा असहज परिस्थितिको कारण वारिपारि बीच बिहेवारी गर्न गराउन दुवै तर्फका मानिस आनाकानी गरिरहेका छन्।

रौतहट जिल्लाको २८ किलोमीटर लामो भारतीय सिमानामा हाल जिल्लाको मुख्य नाका गौर र बाराको काचोर्वा नाका भएर मात्र चारपांग्रे सवारीसाधनलाई छुट दिइएको छ । सीमानाको वारी नेपालमा बस्ने हजारौं नागरिक दैनिक उपभोग्य वस्तुको खरिद देखी औषधि उपचार गराउन तथा विहेवारीमा किनमेल गर्न सदियौं देखि भारतीय बजार माथि निर्भर रहेका छन्।

सीमावर्ती भारतीय बजार कुण्डवा चैनपुर, घोडासहन मात्र चार पाँच किलोमिटर पर्छ भन्ने आफ्नै सदरमुकाम गौर २५ किलोमिटर टाढा पर्दछ । एका तर्फ भारतीय बजार नजीक हुनु र अर्को तर्फ नेपाली बजार भन्दा त्यहाँ सामानहरू सस्तो पर्ने भएकाले अन्य विकल्प नभएको आन्दोलनमा बसेका नागेन्द्र ठाकुरको भनाई रहेको छ। त्यस्तै भारतीय सीमा सुरक्षा बल एसएसबीले चारपाङ्ग्रे सवारीसाधनलाई रोक लगाएको कारण भारतमा बस्ने आफन्त लाई यहाँ आउन अथवा यताबाट त्यहाँ जान ५० किलोमिटर लामो घुमाउरो बाटो जानुपर्ने वाध्यता भएको समाजसेवी ठाकुरले जानकारी दिएका छन्।

# झा दम्पती हत्या मुद्दामा न्यायाधीशसंगको संवादमाथि शंका

**टुडे समाचारदाता**

जलेश्वर । झा दम्पतिको हत्या मुद्दाको नियमित सुनुवाइ महोत्तरी जिल्ला अदालतमा स्थगित भएको छ।

जिल्लाको पिपरा सहोडवाका मुसाफिर झा र गीतादेवी झा दम्पति हत्या मुद्दाको सुनवाइको क्रममा अभियुक्त पक्षको तर्फबाट बहस भइरहेको बेला इजलास नं ६ की न्यायाधीश फणेश्वरी घिमिरेले अचानक बहस रोकेर सुनुवाइ स्थगित गरिदिएकी छन्।

सुनुवाइको स्थगनको मुख्य कारण भने न्यायाधीशसंगको संवादमाथि उठेका शंकाहरू रहेको बताइएन्छ। मृतकका छोरा मनीष झाले जनाएअनुसार बुधबार न्यायाधीश घिमिरे र अदालतका कर्मचारीहरूले झा परिवारको घरमा पुगेर संवाद गरेका थिए।

यस विषयमा अधिवक्ताहरूले शंका व्यक्त गरेका छन् । मनीषका अनुसार बहसको तेस्रो दिन न्यायाधीशले केही कागजातहरू हेर्न बाँकी रहेको भन्दै बहस रोक्न निर्देशन दिएका छन्।

मनीषले भने, 'घरमा गएर न्यायाधीश



घिमिरेले थुनामा रहेका हत्याका मुख्य योजनाकार भारतीय नागरिक हरेन्द्र ठाकुरको मिसिलमा कुनै प्रमाण नरहेको बताएपछि आर्थिक चलखेल भएको हुन सक्ने शंका लाग्न थालेको छ।'

यसरी घरमै गएर न्यायाधीशले गरेको संवाद र अदालतमा पाँचवटा पेशी लगातार परेको घटनाले परिवारमा शंका बढाएको मनीषले बताए।

अधिवक्ताहरूका अनुसार पीडितको तर्फबाट उद्धव क्षेत्रीले बहस गरेका छन् भने अभियुक्त पक्षबाट देवेन्द्र ठाकुर निराला, रमेश पाण्डे, घनश्याम शर्मा, गौतम भट्टराई र हेम कार्कीले बहस गरेका थिए।

२०७७ फागुन ११ मा पिपरा गाउँपालिका-५ सहोडवाका मुसाफिर झा र गीतादेवी झा अपहरणमा परेका थिए। केही दिनपछि २०७७ चैत्र १२ गते उनीहरूको शव पिपरा-मटिहानी सडकखण्डको कल्भर्ट नजिक सडेको अवस्थामा बोरामा फेला परेको थियो।

महोत्तरी प्रहरीले हत्यामा संलग्न ९ जनालाई पक्राउ गरी मुद्दा चलाएको छ। हत्या आरोपमा पिपरा गाउँपालिका-५ का ७२ वर्षीय तेजनारायण झा, अंशु झा, कैलाश झा, रामबाबु यादव, सुरेन्द्र यादव, रजिन्द्र यादव, तारादेवी झा, बबलु झा र भारतीय नागरिक हरेन्द्र ठाकुरलाई पक्राउ गरिएको थियो । अभियुक्तमध्ये कैलाश, हरेन्द्र र रामबाबु थुनामा छन्।

तारादेवी झालाई महोत्तरी जिल्ला अदालतले २०७८ वैशाख १६ गते २ लाख धरौटीमा तारेखमा र अंशु झालाई ५० हजार धरौटीमा छुट्न अनुमति दिएको थियो। त्यसैगरी उच्च अदालत जनकपुरले पुस ४ गते बबलु झालाई २ लाख, सुरेन्द्र यादव र रजिन्द्र यादवलाई ५-५ लाख धरौटीमा छोडेको थियो।

झा दम्पति हत्याको जाँच र सुनुवाइमा रहनुका साथै शंका र विवादले न्यायप्रणालीप्रति विश्वासको कमी ल्याउन सक्ने आशंका गरिएको छ।

# सिमोनको सम्मेलन जनकपुरधाममा हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । विशेषज्ञ फिजिसियन चिकित्सकहरुको छाता संगठन सिमोनको छैटौं राष्ट्रिय सम्मेलन शुक्रबारदेखि जनकपुरधाममा हुने भएको छ।

सो सम्मेलन सिमोनको आयोजनामा र मधेश प्रदेश च्याप्टरको स्थानीय व्यवस्थापनमा शुक्रबारदेखि शनिवारसम्म दुई दिनसम्म सञ्चालन हुनेछ।

सिमोनका मधेश प्रदेश च्याप्टरका सचिव र स्थानीय आयोजन समितिका सचिव रमण मिश्रले सम्मेलनको विस्तृत जानकारी दिँदै भने, 'यो सम्मेलन चिकित्सकहरुको ज्ञान र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको हो । सम्मेलनमा देशभरका विशेषज्ञ फिजिसियन चिकित्सकहरु यसमा सहभागि हुनेछन्।'

सम्मेलनको क्रममा ५० वटा लेक्चर र १५ वटा शोधपत्र प्रस्तुत हुनेछन् । मिश्रका अनुसार यो सम्मेलन पहिलो पटक जनकपुरधाममा आयोजना गरिएको हो।

यसअघि नेपालका विभिन्न भागमा यसको आयोजना हुँदै आएको थियो।सम्मेलनमा भाग लिनका लागि देशभरका लगभग साढे दुर्य सय भन्दा बढी चिकित्सकहरुले अनलाइनमार्फत रजिष्ट्रेशन गराइसकेका छन्। रजिष्ट्रेशनको संख्या अझै बढ्ने अनुमान गरिएको छ।

सम्मेलनमा नेपालभरिका चिकित्सकहरुले तयार गरेका शोधपत्र र नयाँ अनुसन्धानहरूको प्रस्तुतिकरण गरिनेछ । यसले चिकित्सकहरुको ज्ञानमा अभिवृद्धि गर्ने विश्वास व्यक्त गरिएको छ।

सिमोनको छैटौं राष्ट्रिय सम्मेलनले चिकित्सकहरुको बीचमा विचार विनिमयको अवसर सिर्जना गर्ने र चिकित्सकीय अनुसन्धानमा नयाँ सोच ल्याउने जनाएको छ।

# परराष्ट्रमन्त्री डा. देउवा स्वदेश फिर्ता

**टुडे समाचारदाता**

काठमाण्डु। परराष्ट्रमन्त्री डा आरजु राणा देउवा ओमनको मस्कटमा आयोजित आठौं हिन्द महासागर सम्मेलनमा सहभागी भएर आज स्वदेश फर्किएकी छन्।

भारतीय विदेशमन्त्री डा. एस जयशंकर र ओमनका विदेशमन्त्री सय्यद बद्र बिन हमद बिन हमूद अल बुसाइदीको आमन्त्रणमा उनी यही फागुन २ गते ओमन प्रस्थान गरेकी थिइन्।

स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भ्रमणबारे पत्रकारहरुलाई जानकारी गराउँदै मन्त्री डा. देउवाले सामुद्रिक साझेदारीतर्फको नयाँ क्षितिजको यात्रा मुख्य विषय राखिएको उक्त सम्मेलनमा आफूले नेपालका तर्फबाट सहभागी भई सम्बोधन गरेको बताइन्।

सो सम्मेलनमा हिन्द महासागरीय क्षेत्रका ४० देशका विदेश मन्त्रीस्तरीय सहभागिता रहेको थियो। सो सम्मेलनमा उहाँले ग्लोबल साउथको आवाजलाई थप सशक्त पार्ने सम्बन्धी सत्रलाई सम्बोधन गरेकी थिइन्।

यस भ्रमणका क्रममा मन्त्री डा. देउवाले भारतीय विदेशमन्त्री डा जयशंकरसँग द्विपक्षीय भेटवार्ता गरेकी थिइन्। त्यसैगरी उनले ओमनका विदेशमन्त्री, ऊर्जा र खनिज मन्त्री, सम्पदा तथा पर्यटनमन्त्रीका साथै इरान, संयुक्त अरब इमिरेट्स र श्रीलंकाका विदेशमन्त्री एवं जापानका विदेश राज्यमन्त्रीसँग साइडलाइन भेट गरिन्।

इरानका विदेशमन्त्रीसँगको भेटवार्ताका क्रममा मन्त्री डा देउवाले हमास समूहको नियन्त्रणमा रहेका



नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गरिन्।

त्यसैगरी जापानका विदेश राज्यमन्त्रीसँगको भेटमा नेपालमा गत असोजमा आएको बाढीका कारण क्षति पुगेको विपी राजमार्गको पुनर्निर्माणका लागि सहयोग गर्न आग्रह गरेकी थिइन् भने युएई, श्रीलंका र ओमनका विदेशमन्त्रीसँगको भेटका क्रममा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सुरु गर्न सम्बद्ध देशहरुलाई आग्रह गरिन् । यस भ्रमणका क्रममा नेपाल र ओमनबीच कूटनीतिक तथा पर्यटन क्षेत्रका दुई छुट्टाछुट्टै समझदारी पत्रमा हस्तार पनि भएको थियो।

'ओडिसाको समस्या कूटनीतिक माध्यमबाट समाधान भयो'

यसैबीच मन्त्री डा देउवाले ओडिसास्थित कलिङ्ग इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयमा अध्ययनरत एक नेपाली विद्यार्थीको मृत्यु र त्यसपछि विकसित घटनाक्रमलाई नेपाल सरकारले गम्भीर रुपमा लिएर कूटनीतिक माध्यमबाट समाधान गरेको जानकारी दिइन्।

यस विषयमा हिजामात्र पनि आफूले ओडिसाका उच्च शिक्षा मन्त्री सूर्यबंशी सुरजसँग फोनमा कुराकानी गरेर नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्युको निष्पक्ष अनुसन्धान र दोषीमाथि कानुनी कारबाहीका साथै त्यहाँका नेपाली विद्यार्थीहरुलाई कलेजमा सुरक्षित वातावरण सहित पठनपाठनको व्यवस्थाका लागि आग्रह गरेको जानकारी दिइन्।

भारतीय मन्त्री सुरजले पनि उक्त घटनालाई ओडीसा राज्यले गम्भीर रुपमा लिएको र प्रकृतिलाई न्याय र दोषीमाथि कारबाहीका लागि उच्चस्तरीय छानबीन समिति गठन गरिएको जानकारी गराइन्।

मन्त्री डा. देउवाले भनिन् "उक्त घटनापछि हामीले तत्कालै कूटनीतिक पहल सुरु गर्यौं । मृतकलाई न्याय र दोषीमाथि कारबाहीको माग त छँदैछ, त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षित पठनपाठनको व्यवस्थाका लागि सम्बद्ध निकायहरुबीच समन्वय गर्यौं । त्यसपछि विश्वविद्यालयले माफी मागेर विद्यार्थीलाई होस्टेल फर्काएको छ भने दुर्व्यबहार गर्ने कलेजका स्टाफलाई कारबाही गरेको छ।"

विद्यार्थी मृत्युको घटनाको छानबिनका लागि ओडिसा सरकारले नै एक उच्चस्तरीय छानबिन समिति गठन गरिसकेकाले निष्पक्ष छानबिन र दोषीमाथि कानुनी काबराहीको माग नेपालले गरेको छ।

यस घटनाका सन्दर्भमा परराष्ट्र मन्त्रालय र नेपाली राजदूतावास नयाँ दिल्लीले ओडिसा सरकार र विश्वविद्यालय प्रशासनसँग सम्पर्कमा रहेर आवश्यक समन्वयका साथ काम गरिरहेको जानकारी पनि मन्त्री डा देउवाले दिइन्।

एक प्रश्नको जवाफमा मन्त्री डा देउवाले नेपाली विद्यार्थी हाल विश्वभर पुगेका तर सबैको तथ्यांक परराष्ट्रसँग नरहेकाले आगामी दिनमा यस्तो तथ्यांक परराष्ट्रमा नै रहने व्यवस्था गर्न सकिएमा उनीहरुको उद्धारका लागि सजिलो हुने बताइन्।

## रक्तदान गरौं

- हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवनदान हो ।

आफुले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८